## राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली।

प्रकृतिका कोटी-कोटी सम्पदाको आंचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल।

## साकोस गान

सहकारी अभियान उन्नतिको आधार हो
सबै अट्ने साझा थलो सिङ्गो परिवार हो ॥

थिए धर्म भकारी र गुठी लाखौ लाख देशमा
संस्कार थियो मिलापको एकता र विकासमा ॥

अमूल्य मूल्य देशको सगर्व सँधै रही रहोस्
मिलाई हातमा हात यी विचार एक रही रहोस् ॥

हजार गौँथली र यहाँ करोडौं मौरी बन्नु छ
सँगाली बुँद बुँदले जिन्दगी यो बदल्नु छ ॥

साकोस क्रान्ति अघि बढोस् अघि अघि बढी नै रहोस्
हिमाल पहाड तराईमा सबैतिर फैलिरहोस ॥

सिद्धान्त हाम्रा अमर रहुन्, स्वप्नद्रष्टा अमर रहुन्
वससुधैव कुटुम्बकम्, आदर्श अमर रहुन् ॥

सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

# शुभकामना



सहकारी **संस्था** मार्फत सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरणको अभियानमा सक्रिय **काठमाडौ महानगरपालिका -१३,कालिमाटी स्थित तरकारी फलफुल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो "२५औं वार्षिक साधारण सभाको"** अवसरमा स्थापना कालदेखि हालसम्म सञ्चालन गरेका कार्यक्रमहरु, वार्षिक कार्यक्रम तथा बजेट, लेखा परिक्षण प्रतिवेदन तथा विभिन्न गतिविधिहरु सहित समसामयिक विषयको जानकारी दिने उद्देश्यले **"वार्षिक प्रतिवेदन"** प्रकाशन गरि सदस्य तथा सरोकारवाला माझ जानकारीका लागि पुऱ्याउन लागेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।यस अवसरमा म **संस्था**का शेयर सदस्य, विभिन्न समिति/उपसमितिहरुका संयोजक तथा सदस्यहरु, सञ्चालक एवम् **संस्था** परिवारलाई बधाई दिन चाहान्छु ।

यस सहकारी **संस्था**ले त्यस क्षेत्रमा नागरिकहरुलाई आर्थिक रुपमा सक्षम बनाउन पुऱ्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपाल जस्तो न्यून आर्थिक वृद्धि, बेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिबी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि **संस्था**ले गरेको प्रयास र सहकारी पद्धति मार्फत समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदानको उच्च कदर गर्दछु । **संस्था**ले यस क्षेत्रको मात्र नभएर नेपालको एक अग्रणी सहकारीको रुपमा स्थापित भै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्षेत्रमा आफ्नो साख वृद्धि गर्न सफल भएको पाएको छु ।

सहकारी **संस्था** खासगरी स्थानीय समुदायको सहभागितामा विकासको लागि स्थापना भई बचत परिचालन गर्दै आर्थिक एवम् सामाजिक कार्यका लागि आवश्यक पर्ने वित्तीय खाँचो पूरा गर्न स्थापित भएका हुन्छन । यसको क्रमिक विकासको परिणामस्वरुप स्थानीय श्रम तथा सीपको उपयोग गरी उत्पादन अभिवृद्धि गर्नका लागि पूँजी निर्माणको कार्य पनि यसको कार्यक्षेत्र भित्र पर्दछ । सहकारीका विश्वव्यापी सिद्धान्त, मुल्य र मान्यताहरुलाई स्थानीयकरण गर्दै उपलब्ध रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा उल्यख्य मात्रमा योगदान गरिरहेको छ । सहकारी क्षेत्र बहुआयामिक क्षेत्र भएको हुँदा राज्यको आर्थिक तथा सामाजिक विकासका लक्ष्य प्राप्तीका साथै स्थानीय स्तरका आर्थिक सामाजिक समस्याहरुको न्यायोचित समाधान गर्नका लागि सहकारीका मुल्य, मान्यता, निर्देशित सिद्धान्त र प्रयोगहरु सक्षम रहेका छन् । मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीवी न्यूनीकरणका लागि तीन खम्बे अर्थनीतिलाई प्राथामिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व उजागार भएको व्यहोरा सर्व विदितै छ । बर्तमान सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली' को दीघिकालीन सोचलाई पुरा गर्नको लागि सहकारी क्षेत्रको भूमिका पनि महत्वपूर्ण रहेको छ ।

अन्तमा **संस्था**ले आर्थिक तथा सामाजिक क्षेत्रमा पछि परेका आफ्ना सदस्यहरुलाई गरीबि न्यूनिकरण, लैगिक समानता ,सामाजिक सद्भाव र विकास कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न, छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरि सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि सञ्चालन गरी सहकारी अभियानमा अग्रणी स्थान हाँसिल गर्न सफल र सक्षम रहोस् भन्ने शुभकामना सहित "**२५औं वार्षिक साधारण सभाको"** पुर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी !!!

मिति : २०८१/०८/१२

बद्रीकुमार गुरागाई
प्रमुख कार्यकारी अधिकृत

एउटै अभियान: एउटै आवाज, सुरक्षित साकोस: समुन्नत समाज
स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४
नेफ्स्कून
आबद्धता
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.



श्री अध्यक्षज्यू
तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-१३, कालिमाटी,
काठमाडौं ।

## शुभकामना

यस संघमा आबद्ध **तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लि.** को २५औं वार्षिक साधारणसभाको अवसरमा प्रकाशित **"वार्षिक प्रतिवेदन"** मा संघको तर्फबाट शुभकामना व्यक्त गर्दै संस्था सहकारी सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी नीति, विधि र प्रविधिको प्रधानता भित्र सदस्य केन्द्रित भई सुसञ्चालनमा रहेको छ भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

संस्थाको २५औं वार्षिक साधारणसभाबाट सदस्य र समुदायमा उद्यमशिलता विकास तथा व्यवसाय पुनरुत्थान मार्फत सदस्यको आर्थिक जीवनमा सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट साधारणसभा पूर्ण सफलताको शुभकामना सहित सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक शुभकामना ।

सदस्यहरूबीच वित्तीय कारोबार गर्ने यस बचत तथा ऋण सहकारी संस्थाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन र गुणस्तरीय सेवा सहित दिगो साकोस निर्माण मार्फत सदस्यको जीवनस्तर सुधारमा प्रतिवद्धताका साथ अगाडि बढ्न संघको तर्फबाट शुभेच्छा व्यक्त गर्दछु ।

हामी साकोस अभियानको चरणबद्ध विकासका कार्यमा योजनाबद्ध रुपमा लागिपरेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा अवलम्बन गर्न प्रयत्नशील छौं । "स्वस्थ र सुरक्षित साकोसहरुको जवाफदेही एकीकृत सञ्जाल" भन्ने नेफ्स्कूनको परिकल्पना पूरा गर्न सद्भावपूर्ण सहकार्यको अपेक्षा गर्दै स्थानीयस्तरबाट समेत सुशासित साकोस अभियान निर्माणमा पहलकदमीको लागि अनुरोध सहित साकोसको उत्तरोत्तर प्रगतिका लागि पुन: हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति: २०८१/०८/१२

चन्द्र प्रसाद ढकाल
अध्यक्ष

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७९०२०१, ४७९३०७१, ४७९४५६९, इमेल : nefscun@nefscun.org.np
www.nefscun.org.np

दर्ता नं. बागमती ०००२
पान नं. ६१४९९०३७७

"सक्षम र पूर्ण सेवाका लागि समर्पित उत्कृष्ट वित्तीय सहकारी सञ्जाल"

आवद्धता

बागमती प्रोस्कून
**बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.**
**Bagmati Province Federation of Saving and Credit Co-operative Union Ltd.**
केन्द्रीय कार्यालयः बनेपा नगरपालिका-७, काभ्रेपलान्चोक

मिति :२०८१/०९/०२
प.सं : २०८१/०८२
च.नं.: २२३

श्री अध्यक्षज्यू,
तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा -१३, कालिमाटी, काठमाडौं

## हार्दिक शुभकामना

यस बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.को सदस्य संस्था **तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लि.** आफ्नो नियमित २५ औं वार्षिक साधारण सभाको अवसरमा प्रकाशन गर्न लागेको वार्षिक प्रतिवेदनमा यस संघको तर्फबाट शुभकामना प्रदान गर्न पाउँदा हामी अत्यन्त हर्षित भएका छौं ।

काठमाडौं जिल्लाको मुटुमा रहेको कालिमाटी क्षेत्रलाई मुख्य कार्यक्षेत्र बनाई तरकारी र फलफूल व्यवसायको अतिरिक्त अन्य विभिन्न पेशा व्यवसायमा आवद्ध मानिसहरुलाई संस्थाको सदस्य बनाई बचत गर्ने बानीको प्रर्वद्धन र वित्तीय पहुँच विस्तारका लागि सहकारी मार्फत खेलेको भूमिका प्रति हामी हार्दिक आभार व्यक्त गर्दछौं ।

सहकारी क्षेत्र यतिबेला तरलता न्यूनताको चापमा गुज्रीरहेको छ । संस्थाको सबलीकरणमा अभियानले भूमिका खेले पनि संस्थाको पूर्ण सुरक्षा र वर्तमान समस्या समाधानको एकमात्र विकल्प सदस्यहरुको विश्वास र भरोसा भएकोले सो तर्फ संस्थाले वर्तमान समयमा खेलेको भूमिकाको प्रशंशा गर्दछौं साथै आगामी दिनमा पनि सदस्य सेवालाई केन्द्रमा राखी आम सदस्यको हितका लागि संस्थाले आफ्नो सम्पूर्ण शक्ति खर्च गर्न सकोस भन्ने शुभेच्छा व्यक्त गर्दछौं । संस्थागत सुशासनका लागि आवद्ध स्तरीकरण कार्यक्रम मार्फत प्रमाणित गराई अभियानका लागि उदाहरण योग्य साकोस निर्माण गर्दै प्रत्येक सदस्यको मन मनमा बस्न सफल होस भन्ने कामना गर्दछौं ।

अन्तमा, संस्थालाई वर्तमान अवस्थासम्म ल्याउनका लागि अथक मेहनत गर्ने सहकारी अभियान्तहरुमा संघको तर्फबाट हार्दिक आभार व्यक्त गदै वर्तमान संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको पूर्ण सफल कार्यकालका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मिति : २०८१ पौष ०२ गते मंगलबार

भवदीय
उद्धव सापकोटा
अध्यक्ष

Head Office: Banepa-07, Kavrepalanchok
Tel.: 011-665368
Email: bagmatiproscun@gmail.com
www.bagmatiproscun.org.np

दर्ता नं.: ७९१-०५९/०६०, स्थायी लेखा नं. : ६०१६४८६१६

“गुणस्तरीय सेवा सहितको उत्कृष्ट संघ”

# कास्कून काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

**Kathmandu District Savings & Credit Co-operative Union Ltd.**

**श्री अध्यक्षज्यू,**
**तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लि.**
**का.म.न.पा -१३, कालिमाटी, काठमाडौं ।**



## शुभकामना

यस संघमा आवद्ध **तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**ले **२५**औं वार्षिक साधारणसभाको अवसरमा प्रकाशन गर्न गईरहेको वार्षिक प्रतिवेदन प्रकाशनार्थ कास्कूनको तर्फबाट शुभकामना प्रदान गर्न पाउँदा हामी गौरवान्वित भएका छौं ।

त्यस संस्थाले सहकारी मूल्य, मान्यता, आदर्श, सिद्धान्त तथा सहकारी कानून, मापदण्ड एवं स्वीकृत विनियम प्रति निष्ठावान रही आफ्ना श्रोत साधन, सीप र क्षमताको अधिकतम परिचालन गर्दै सदस्यहरुको शेयर, बचत, भौतिक सम्पत्ति र शाखलाई सदैव अक्षुण र सुरक्षित राख्ने अपेक्षा गर्दछौं । त्यसैगरी आफ्ना वित्तीय र गैह्रवित्तीय कारोवार संचालन गर्ने सन्दर्भमा विश्वस्त रहदै सदस्यहरुको हित, संवृद्धि, उन्नति, प्रगति र संस्थागत विकासका लागि संस्थाका पदाधिकारीहरु, संचालकहरु, कर्मचारीहरु तथा अन्य सम्पूर्ण पक्षहरु लागि पर्नुहुनेछ र सदैब गुणस्तरीय सेवा प्रदान गर्दै सहकारी क्षेत्रको विकासमा त्यस साकोसको अग्रणी भूमिका रहनेछ भन्ने विश्वास लिएका छौं ।

हाल सहकारी क्षेत्रमा देखा परेको अवस्थाको सामना गर्न सदस्यहरुको समन्वय, सहकार्य र सहभागीतामा उनिहरुको अपेक्षा अनुरुपका वस्तु तथा सेवा विकास गरी सेवा प्रवाहमा समर्पित हुन हौसला मिलोस भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई दिन चाहन्छु ।

हामी देशको संघीय राजधानी काठमाडौं जिल्लाको साकोस अभियानको व्यवसायीकरण, प्रवर्द्धन र सञ्जालीकरणका लागि नेतृत्व गरिरहेका छौं । यसका लागि संघीय, प्रादेशिक र स्थानिय सरकारसँगको सहकार्य र समन्वय मार्फत सहकारी ऐन, कानुनहरुमा वहस एवम् पैरबी गर्दै आईरहेका छौं । **“गुणस्तरीय सेवा सहितको उत्कृष्ट संघ”** भन्ने कास्कूनको परिकल्पना पुरा गर्न त्यस संस्थाको निरन्तर सहयोगको अपेक्षा साथ स्थानिय स्तरमा रहेका साकोसहरुलाई संघमा आवद्धता र गुणस्तरीयताका लागि पहल गर्नु/गराउनु हुन हार्दिक अनुरोध गर्दै संस्थाको संचालक समिति, लेखा सुपरीवेक्षण समिति, विभिन्न उप-समितिहरु, व्यवस्थापन टीम एवं संस्थाका सम्पूर्ण सदस्यहरुलाई पुनःहार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी !
मिति : २०८१ मसिंर २३ गते

दिपक पनेरु
अध्यक्ष

मुख्य कार्यालय चाबहिल, फोन: ०१-४५८२४५६, ४५९१८७४
सदस्य सेवा कार्यालय कलंकी: ०१-५२३४६७५, गोंगबु: ०१-५९०७०९१
कीर्तिपुर: ०१-५९०२०१२

Email: info@kasccun.com.np | Web: www.kasccun.com.np

द.नं. ५२३/०५६-५७

नेफस्कून

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लि.
TARAKARI PHALAFOOL SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

मिती : २०८१/०८/१६

प.सं. ४४/०८१/०८२

च.नं. श्री सम्पूर्ण शेयर सदस्य ज्यूहरु,
तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लि.
कालिमाटी, काठमाण्डौं ।

**विषय : २५ औं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

उपरोक्त विषयको सम्बन्धमा यस तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लि. को मिती २०८१/०७/०८ गते बसेको सञ्चालक समितीको बैठकको निर्णय अनुसार निम्न मिती, स्थान, र समयमा देहायबमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णय गर्न संस्थाको २५ औं वार्षिक साधारण आह्वान गरिएकोले सम्पूर्ण सदस्य ज्यूहरुलाई उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारणसभामा छलफल तथा निर्णयार्थ प्रस्तुत गरिने प्रस्तावहरु:**

१. संस्थाको वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२. लेखा सूपरिवेक्षण समितीको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व.२०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०८०/०८१ को प्रस्तावित नीति कार्यक्रम तथा बजेट सम्बन्धमा ।
५. शेयर लाभांश कोष तथा संरक्षित पूंजी फिर्ता कोष वितरण सम्बन्धमा ।
६. आ.व. २०८१/०८२ को लागि लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
७. विनियम पुनर्लेखन एवं आन्तरिक कार्यविधीहरु (ऋण व्यवस्थापन कार्यविधि , बचत व्यवस्थापन कार्यविधी, सूचना प्रविधि कार्यविधि , मानव संसाधन कार्यविधि ,आर्थिक प्रशासनिक कार्यविधी, सदस्यता कार्यविधि ,सदस्य सेवा कार्यविधि, निवार्चन कार्यविधि , सम्पत्ति शुद्धिकरण निवारण कार्यविधि ,आन्तरिक लेखा परिक्षण कार्यविधि) पारित सम्बन्धमा ।
८. सञ्चालक समिती, लेखा सूपरिवेक्षण तथा विभिन्न उपसमितीको भत्ता तथा व्यवस्थापन प्रमुखको सेवा सूविधा सम्बन्धमा ।
९. सञ्चालक समितीको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
१०. साधारणसभा निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधी छनौट तथा प्रमाणिकरण सम्बन्धमा ।
११. विविध ।

**कार्यक्रम हुने मिती, स्थान र समय :**

**मिती:** २०८१/०९/२१ गते
**स्थान:** कालिमाटी ब्याङ्केट , सोल्टीमोड, काठमाण्डौं
**समय:** बिहान ९:०० बजे ।

दुर्गालाल श्रेष्ठ
अध्यक्ष

फोन नं.: ०१-५१२३१२९, ५१२३१८३
Email: tarakariphalfool@gmail.com
Web.: www.tarakariphalafoolcooperative.com.np
का.म.न.पा. १३, कालिमाटी, काठमाडौं

# संस्थाको सक्षिप्त परिचय

## पृष्ठभूमी

तिस जना सदस्यहरूबाट रू ३१,९०० (अक्षरूपी एकतीस हजार नौ सय मात्र) शेयर पुँजी संकलन गरी तरकारी तथा फलफूल व्यवसायीहरु माझ वित्तीय छहारीको रूपमा रहने गरी तथा एउटा फरक पहिचानका साथ सहकारी क्षेत्रको शिर उचो पार्न सकोस र हामी सबैको आशा भरोसा बनी दुःख सुखमा साथ दिन सकोस भन्ने सोचका साथ मिति २०५६/०९/०६ मा बसेको आवेदक शेयर सदस्यहरुको प्रथम प्रारम्भिक भेलाको निर्णय बमोजिम विनियम तर्जुमा गरी तत्कालिन डिभिजन सहकारी कार्यालय काठमाण्डौंमा वि.स. २०५६ साल माघ २१ गते यस तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्थाको स्थापना भएको हो। स्थापना देखि हालसम्म आइपुग्दा हाम्रो यस सहकारी संस्था काठमाडौंको उत्कृष्ट सहकारी मध्येको एक सहकारी बन्न सकेकोमा हामी सबैको लागि गौरव र गरिमाको विषय बनेको छ।

**कृषि उपज खासगरी तरकारी फलफूलका व्यवसायीहरूको हितप्रवर्द्धनको रूपमा सहकारीताको मूल्य र मान्यतामा आधारित एउटा दीगो रूपमा स्थापित सहकारी संस्था**को परिकल्पनाका साथ स्थापित यस सहकारी संस्थाले छरिएर रहेको रकम संकलन गरी पूँजी निर्माण गर्ने साथै बचत गर्ने वानीको विकास गरी संकलित रकमलाई व्यवसाय वृद्धि, उद्यमशिलता, सीपमूलक परियोजना लगायतका क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने साथै त्यसका लागि पूर्वाधार हरूको व्यवस्था मिलाईदिने आवश्यक परेको खण्डमा ऋण मार्फत व्यवसाय बृद्धिका लागि लगानी गर्ने र सदस्यको जीवनस्तर उकास्ने साथै सदस्यहरूको हितका लागि सामाजिक गतिविधिका कार्य गर्ने गरी आफ्नो लक्ष्य उद्देश्य र ध्येयका साथ काठमाडौ जिल्ला भरी कार्यक्षेत्र कायम गरी विधिवत रूपमा डिभिजन सहकारी कार्यालय काठमाडौमा दर्ता नं ५२३ मा दर्ता भई वैधानिकता प्राप्त गरेको हो। यो संस्था क्षेत्रिय उत्कृष्ट करदाताको रुपमा चौथो कर दिवस २०७१/०७२ द्धारा पुरस्कृत, उत्कृष्ट बचत कर्ताको रुपमा पाचँ पटकसम्म राष्ट्रिय सहकारी बैकबाट पुरस्कृत, कास्कुन द्धारा उत्कृष्ट साकोस २०७८ द्धारा सम्मानित, कोभिडको समयमा सदस्य एवं समुदायमा सेवा प्रदान गरेवापत वर्ल्ड बुक अफ रेकर्ड (युके) को स्टार २०२० (World Book of Record, UK Star 2020) द्धारा सम्मानित, बन्दाबन्दीको अवधीमा अधिक रेमिट कारोवार गरेपश्चात आई.एम.ई रेमिट द्धारा सम्मानित भएको छ।

सदस्यको आर्थिक एवं सामाजिक विकासका लागि तरकारी फलफूलको बजारीकरणमा आन्तरिक श्रोत साधनहरूको परिचालन गरी स्वावलम्वी भावनाको विकास गर्ने गराउने हेतुका साथ आफ्नो संस्थाका सदस्यहरुलाई कार्यक्रमहरु पस्किदै आएको छ। परिवर्तित समय संगै सहकारी संस्थाले क्रेडिट (ऋण) मात्र होइन अब क्रेडिट प्लस (गैर वित्तिय सेवा) पनि प्रवाह गर्नुपर्दछ भन्ने मान्यता अनुरुप आफ्ना क्रियाकलापहरु अगाडी वढाईरहेको छ।

## संस्थाको चिन्ह र छाप :

दुई गोलाकार चिन्ह भित्र र तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कालीमाटी संस्थाको ठेगाना लेखिएको भने तरकारी तथा फलफूलको व्यवसायी माझ वित्तीय छहारीको रूपमा स्थापित संस्था भएकोले भित्र फलफूलको सुन्तलाको दाना र अंगुरको झुप्पा तथा तरकारीको फूलगोभि र मूला अंकित चिन्हलाई दुई हत्केलाले सुरक्षा दिएको तल २०५६ उल्लेखित संस्थाको आधिकारिक चिन्ह हुनेछ।

संस्थाको छाप नेपाली अंग्रेजी दुबैमा बनाउन सकिने छ। यसको आकार सानो ठुलो दुबै हुनेछ। संस्थाको दैनीक कार्यमा यसको प्रयोग आधिकारिक मानिनेछ।

## संस्थाको चिन्ह एवं छापको नमूना :

## संस्थाको सक्षिप्त परिचय

| | |
|---|---|
| संस्थाको नाम : | तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड |
| ठेगाना : | काठमाडौं महानगरपालिका वडा नं १३, कालीमाटी तरकारी बजार |
| फोन : | ०१-५१२३१२९, ५१२३१८३ |
| मोबाइल : | ९८५१००६४१५ (अध्यक्ष) |
| Viber /WhatsApp नं: | ९८४०१८४२०२ |
| इमेल : | tarakariphalfool@gmail.com |
| वेभसाईट : | www.tarakariphalfool.coop.np |
| स्थापना मिति : | २०५६/१०/२१ |
| दर्ता नं/ मिति/ जिल्ला : | ५२३/०५६/०५७ |

## नगद सेवा काउन्टर

| | |
|---|---|
| सेवाकेन्द्रको नाम: | बल्खु नगद सेवा काउन्टर |
| ठेगाना : | काठमाडौं महानगरपालिका वडा नं १४, बल्खु तरकारी बजार |
| फोन : | ९८५१३५८७५९ |

## आवद्धता

यस संस्थालाई स्थानीय स्तरबाट जिल्ला, राष्ट्रिय स्तर सम्म पुऱ्याउने सहकारी छाता संघ/संगठनहरुको नामावली तपशिलमा उल्लेख छ।

| क्र.स | आबद्ध संघ/संस्था | आबद्ध मिति | सदस्यता नं |
|---|---|---|---|
| १. | राष्ट्रिय सहकारी बैक | २०६१/०४/३१ | १३७ |
| २. | जिल्ला सहकारी संघ लि., काठमाडौं | २०६९/०६/२५ | ४८ |
| ३. | नेपाल बचत तथा ऋण केन्द्रय सहकारी संघ लि.(नेफ्सकून) | २०७२/०५/३१ | २२९५ |
| ४. | काठमाडौ जिल्ला बचत तथा ऋण सहकारी संघ लि.(कास्कून) | २०७६/०६/१० | ६६७ |
| ५. | बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (वागमती प्रोस्कून) | २०७९/०६/३१ | ३७१ |

## परिकल्पना :

"कृषिउपज खासगरी तरकारी फलफूलका व्यवसायीहरूको हितप्रवर्द्धनको रूपमा सहकारीताको मूल्य र मान्यतामा आधारित एउटा दीगो रूपमा स्थापित सहकारी संस्था"

**लक्ष्य :**

सदस्यको आर्थिक एवं सामाजिक विकासका लागि तरकारी फलफूलको बजारीकरणमा आन्तरिक श्रोत साधनहरूको परिचालन गरी स्वावलम्वी भावनाको विकास गर्ने गराउने ।

**उद्देश्यहरु :**

१) संस्थामा संलग्न सदस्यहरूमा मितव्ययीताको भावना जागृत गराई नियमित बचत गर्ने बानिको विकास गर्ने ।

२) सदस्यहरूको व्यक्तिगत एवं सामुहिक क्षमता अभिवृद्धि गरी स्वावलम्वी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुयाउने ।

३) सदस्यहरूको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरूमार्फत लगानी पवर्द्धन गरी छरिएर रहेको राष्ट्रिय पूँजीको उपयोग बढाउने ।

४) सदस्यहरूको व्यवसायिक हित प्रवर्द्धन एवं राष्ट्रिय अर्थतन्त्रमा योजना दिने कृषिबजार विकास गर्ने ।

५) सदस्यहरूको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुयाउने खालका सेवा मूलक कार्यहरू संचालन गरी सहकारीताको महत्व स्थापित हुने सन्देश समुदायमा प्रवाह गर्ने ।

**संस्थाको प्रतिवद्धता :**

- रहरले काम गर्छौ, हासेर सेवा गर्छौं ।
- जिम्मेवारी वाड्ने, दोष दिन छोड्ने ।
- आजको काम आजै, सबै काम ताजै ।
- बेरोजगारसंग रोजगार, उत्पदानसंग बजार ।
- तरकारी फलफूल कालीमाटी सहर, पूरा गर्छ हरेक सदस्यको रहर

**व्यवस्थापन :**

संस्थाको विनियम २०५६ (पूर्नलेखन २०६) को व्यवस्था वमोजिम साधारण सभावाट निर्वाचित ७ जना संचालक सदस्य रहेको सन्चालक समिति, ३ जना सदस्य रहेको लेखा सुपरिवेक्षण समिति एवं संस्थालाई आवश्यक सल्लाह र सुझाव दिनका लागि सल्लाहकारको व्यवस्था गरिएको छ । ऋणको व्यवस्थापनको लागि ३ सदस्यीय ऋण उपसमिति क्रियाशिल छ । विभिन्न समयमा आयोजना गरिएको विविध कार्यक्रम एवं संस्थाको निर्धारित लक्ष्य, उद्देश्य र परियोजना सफल बनाउनका लागि विभिन्न उपसमितिहरू गठन गरी कार्य सम्पादन गर्ने गरिएको छ । साप्ताहिक स्वास्थ्य परिक्षणको व्यवस्था गरिएको छ । सहकारी संस्थाको आफ्नै वार्षिक कार्ययोजना र क्यालेन्डर तयार गरी वार्षिक रूपमा सदस्यहरूलाई वितरण गरी ३५० दिन कार्यालय संचालन गर्दै आएको छ ।

**सदस्यता प्रदान**

सहकारीका अन्तराष्ट्रिय ७ सिद्धान्तले प्रतिपादन गरेका पहिलो सिद्धान्त “स्वेच्छिक तथा खुला सदस्यता” लाई ध्यानमा राखी हरेक दिन सदस्यता प्रदान गरिने गरिएको छ भने हरेक महिनाको अन्तिम शाता सहकारी शिक्षा कार्यक्रम गर्ने व्यवस्था रहेको छ ।

**सदस्यता प्राप्ति सम्वन्धी आवश्यक जानकारी :-**

- संस्थाको कार्यक्षेत्र भित्र बसोवास, व्यवसाय गर्ने, तरकारी फलफूल विक्री व्यवसाय गरेको वा तत् सम्वन्धी संघ/संस्था र कार्यालयमा रहेको वा सो सम्वन्धि विशेषज्ञता हासिल गरेको ।

- संस्थाको सेवा उपयोग गर्न चाहने र जिम्मेवारी बहन गर्न स्वीकार गरेको ।
- सदस्यले सिफारिस गरेको व्यक्ति ।
- संस्थाको विनियम, सदस्यता, बचत, ऋण लगायतका अन्य निति नियमहरु स्वीकार गर्न मन्जुर व्यक्ति ।
- एउटै कार्यक्षेत्र भित्र भएको एकै प्रकृतिका सहकारी संस्थाहरुमा सदस्यता नभएको व्यक्ति ।
- कानुनले अयोग्य नठहराएको व्यक्ति ।
- कुनै वित्तिय तथा सहकारी संस्थाको कालो सूचिमा नपरेको व्यक्ति ।
- सदस्य पहिचान फारम अध्यावधिक गर्न तयार हुने व्यक्ति ।
- सदस्य बन्न ईच्छुक व्यक्तिको ४ प्रति फोटो र हकवालाको २ प्रति फोटो र दुवै जनाको नेपाली नागरिकताको प्रतिलिपी बुझाउने ।
- प्रवेश शुल्क एक पटकका लागि रु १०० मात्र फिर्ता नहुने गरी बुझाउनु पर्ने ।
- सदस्यता शुल्क रु १०० मात्र फिर्ता नहुने गरी बुझाउनु पर्ने ।
- दुर्घटना विमा कोष र प्राकृतिक प्रकोप कोषमा वार्षिक रु २०० मात्र फिर्ता नहुने गरी बुझाउनु पर्ने ।
- मासिक बचत, समान रुपमा समान रकम अनिवार्य बचत गर्नंपर्ने शर्त स्वीकार गर्ने व्यक्ति ।
- कम्तीमा रु १०० को १ कित्ता शेयर खरिद गरेको (५० कित्तालाई अनुरोध गरिने)

**सदस्यता कायम नरहने**

- मृत्यु भएमा ।
- मानसिक सन्तुलन गुमेको प्रमाणित भएमा ।
- फौजदारी अभियोगमा सजाय पाएको ।
- संस्थाको सदस्यतावाट दिएको राजीनामा स्विकृत भएमा ।
- संस्थाको विनियम तथा नीतिपालन नगरेको कारण कारवाही गरी निष्कासन भएमा ।
- संस्थालाई हानीनोक्सानी हुने काम गरेको प्रमाणित भएमा ।
- मासिक बचतकर्ताको रुपमा सदस्य नभई ऋण लिने उद्देश्यले मात्र शेयर सदस्य भएमा ।
- संस्था विघटन भएमा ।

माथि जे सुकै उल्लेख गरेता पनि कुनै सदस्यले संस्थावाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नुपर्ने वांकी बक्यौता भुक्तानी गर्न बांकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फवाट धितो वाजमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यतावाट राजीनामा गर्न पाउने छैन । राजीनामा स्वीकृत भईसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्ववाट उन्मुक्ति पाउने छैन ।

## तरकारी फलफुलमा सदस्यता

## किन.......?

**सदस्य सेवा अन्तर्गत**

✓ २५ वर्ष देखि निरन्तर सदस्य सेवामा समर्पित

✓ संस्था स्थापना कालदेखी शेयर लाभाशंमा राम्रो प्रतिफल वितरण गर्न सक्षम

✓ बचत तथा ऋणमा असल कारोवार गर्ने सदस्यलाई कारावारको योगदानको आधारमा संरक्षित पूंजी फिर्ता कोषको रकम फिर्ता गर्ने व्यवस्था भएको

✓ विहान ७ बजे देखी बेलुका ५ वजे सम्म कारोवार गर्न सकिने

- ✓ शनिवार तथा अन्य सार्वजनिक विदाका दिन समेत सेवा लिन सकिने
- ✓ दैनिक रकम संकलनको लागी घरदैलो सेवा उपलब्ध
- ✓ सरल एवं सुलभ व्याजदरमा ऋण लगानी गर्ने व्यवस्था
- ✓ सदस्यहरुको रु १ लाखको दुर्घटना विमा सुनिश्चित गरिएको
- ✓ प्राणघातक रोग लागेको खण्डमा रु २५ हजार उपचार खर्चको व्यवस्था भएको
- ✓ मासिक बचतको रकमको आधारमा सदस्य राहत (काजक्रिया खर्च) उपलब्ध गराउने
- ✓ महिला सदस्य सुत्केरी भत्ता रु ५ हजारको व्यवस्था
- ✓ जेष्ठ सदस्य (६० वर्ष पुरा) एकल महिला सदस्यलाई बार्षिक रु २ हजार भत्ताको व्यवस्था
- ✓ सदस्यको छोरा छोरी जो एस.ई.ई मा उत्कृष्ट अंक प्राप्त गर्नेलाई सम्मान गरिने
- ✓ विप्रेषण (रेमिटन्स) सेवा उपलब्ध
- ✓ साप्ताहिक निशुल्क स्वास्थय परिक्षण
- ✓ बाल बचतकर्ताहरुको लागी बौद्धिक मनोरन्जनात्मक कार्यक्रम वार्षिक रुपमा संचालन गरिने
- ✓ विभिन्न कार्यक्रम, तालिम, भ्रमण लगायत वित्तिय तथा गैर वित्तिय सेवामार्फत सदस्यहरुको आर्थिक तथा सामाजिक स्तरोन्नतीको अवसर प्रदान गरिने

**सवल संस्था र सुरक्षित**

- ✓ पर्ल्स विश्लेषण अनुपात अनुसार संस्थाको वित्तिय सक्षमता कायम रहेको
- ✓ १० प्रतिशत भन्दा बढी संस्थागत कोष कायम रहेको
- ✓ भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा कम
- ✓ सहकारीका छाता संगठनहरुमा सहभागीता
- ✓ स्थिरीकरण कोषमा आबद्धता
- ✓ ट्याबलेट बैकिङ (बजारबाट बचत संकलनका लागि) सेवा
- ✓ मोबाइल बैकिङ सेवा
- ✓ SMS बैकिङ सेवा
- ✓ QR कोड सेवा
- ✓ सबै सेवा केन्द्र मार्फत रकम जम्मा तथा भुक्तानीका लागि ABBS सेवा
- ✓ मिस्डकल मोबाइल रिचार्ज सेवा
- ✓ ई-टेलर सेवा
- ✓ क्षेत्रिय उत्कृष्ट करदाताको रुपमा चौथो कर दिवस २०७१/०७२ द्धारा पुरस्कृत, उत्कृष्ट बचत कर्ताको रुपमा पाचँ पटकसम्म राष्ट्रिय सहकारी बैकबाट पुरस्कृत
- ✓ कास्कुन द्धारा उत्कृष्ट साकोस २०७८ द्धारा सम्मानित

**सामाजिक सूरक्षा अर्न्तगत संस्था द्वारा संचालित आर्थिक लाभका कार्यक्रमहरु**

- **सुत्केरी भत्ता**

यस संस्थाका महिला सदस्य सुत्केरी भएमा संस्थाले २ वटा बच्चा सम्म सुत्केरी भत्ता स्वरुप रु ५,०००/- र खुत्रुके सहित नयाँ बाल सदस्यलाई स्वागत गर्ने, सुत्केरी भत्ता सुविधा ।

- **अपाङ्ग बालबालिकालाई छात्रवृत्ति**

सदस्यको छोरा छोरीहरु अपाङ्ग भएमा, उक्त बालबालिकालाई छात्रावृत्ति योजना सहभागीताको लागि अधिकतम ३ बर्ष सम्म वार्षिक रु २००० छात्रवृत्ति सुविधा प्रदान गरिने अपाङ्ग बालबालिकालाई छात्रवृत्ति सुविधा ।

- **जेष्ठ सदस्य भत्ता**

५७ वर्षमा नै सदस्यता लिएर, सदस्य ६० वर्ष पुरा पुगे पछि जेष्ठ सदस्यको रुपमा चिनिन्छ । संस्थाको जेष्ठ सदस्यलाई वार्षिक रु २००० प्रदान गरिने जेष्ठ सदस्य भत्ता सुविधा ।

- **एकल महिला भत्ता**

महिला सदस्यहरु सदस्य भए पश्चात एकल महिला भएमा वा पहिला नै एकल महिला भएमा २ वर्ष पछि मात्र वार्षिक रु २००० प्रदान गरिने एकल महिला भत्ता सुविधा ।

- **उपचार खर्च**

संस्था सदस्यहरुको दुःख सुखको साथी भएकाले सदस्यहरुको जिवनमा आइपर्ने विभिन्न प्रकारका दुःख सुखमा संस्थाले साथ दिने छ । त्यसै क्रममा दिर्घकालिन रोगको सिकारमा सदस्यहरु परेमा रु २५००० सम्म सदस्यलाई आर्थिक राहत प्रदान गर्ने उपचार खर्च सुविधा ।

- **दुर्घटना विमा**

सदस्यता लिए पश्चात प्रत्येक सदस्यको दुर्घटना विमा संस्थाले सुनिश्चित गरेको हुन्छ भने सदस्यको दुर्घटना भई मृत्यु भएमा उक्त सदस्यको परिवारलाई रु १,००,००० को दुर्घटना विमा वापत रकम दुर्घटना विमा सुविधा ।

- **किरिया खर्च**

सदस्यको मृत्यु भएमा निजले ईच्छाएको व्यक्ति वा कानून बमोजिमको हकवालाको हक लाग्ने छ । कानुन बमोजिमको हकवाला र ईच्छाएको व्यक्ति फरक भई तोकिएको समय भित्र दुवै पक्षबाट मृत्यु दर्ताको प्रमाण सहित दावी गर्न आएमा द्वीपक्षीय समझदारी बमोजिम वा अदालती प्रक्रियाबाट टुङ्गो लागेपश्चात मात्र कानुनले तोकेको व्यक्तिको नाममा भुक्तानी दिईनेछ । मासिक बचतमा जति रकम जम्मा भएको छ, उक्त नै रकम किरिया खर्च (भुक्तानी हद रु १०००००) स्वरुप संस्थाले प्रदान गर्ने किरिया खर्च सुविधा ।


संस्था सदस्यहरुको दुःख सुखको साथी भएकाले सदस्यहरुको जिवनमा आइपर्ने विभिन्न प्रकारका दुःख सुखमा सदस्यले नै जम्मा गरेको, दाताले दिएको तथा संस्थाले खर्च लेखेको रकमले सदस्यहरुलाई सहयोग गर्ने उद्देश्यले संस्थाले असल सदस्यज्युहरुलाई माथी उल्लेखित सेवा सुविधा प्रदान गरेको छ । उक्त सेवा सूविधा पाउन संस्थाको मासिक बचत अनिवार्य रुपमा जम्मा गरेको हुनुपर्ने छ ।

**रेमिट्यान्सका सेवाहरु**

**आई.एम.ई रेमिट, आई पे रेमिट, वेष्ट्रन युनियन मनि ट्रान्सफर, हिमाल रेमिट, सिटी रेमिट्यान्स, मनिग्राम लगागतका सेवाहरु उपलब्ध छन ।**

**के तपाईले संस्थामा सदस्य बनेकोमा गौरव मान्नु भएको छ ? मान्नु भएको छ भने यि कुराहरुमा ध्यान पुगेको छ त????**

- तपाईको मासिक बचत छुटिरहेको छ कि?
- तपाईले लिनुभएको ऋणको किस्ता र व्याज बुझाउन छुटेको छ कि?
- तपाईले संस्थामा दिनुपर्ने कागजात छुटिरहेका छन् कि?
- तपाई जमानी बस्नु भएको सदस्यको भाखा र किस्ता नाग्न लागेको छ कि?
- तपाईलाई संस्थाले आमन्त्रण गरेको कार्यक्रममा उपस्थित हुन छुटिरहनु भएको छ कि?
- तपाई संस्थामा नियमित रुपमा आउन भ्याउनु भएको छैन कि?
- कुनै संचालक वा शेयर सदस्यज्यूहरुबाट संस्थालाई हानी नोक्सानी पुर्‍याउने काम भइरहेको छ कि?
- तपाईले संस्थाको बुझ्नुपर्ने यथार्थ कुराहरु नबुझी कतै गलत आरोप लगाइ रहनु भएको छ कि?
- तपाई आफ्नो कर्तव्यलाई पछि पारेर अधिकारलाई अघि सारिरहनु भएको छ कि?
- संस्थाबाट तपाईको काममा ढिलासुस्ती भइरहेको छ कि?
- संस्था कसरी चल्दैछ जानकारी राख्न बिर्सनु भएको छ कि?
- संस्थालाई अझ व्यवस्थित रुपमा सञ्चालन गर्न लिखित वा मौखिक सुझाव दिन भुल्नु भएको छ कि?
- आवश्यकता अनुरुप सदस्य पहिचान फारम भर्न छुटेको छ कि?



## संस्थाद्वारा प्रदान गरिने बचत सेवाहरु :

| क्र.स | बचतका शिर्षक | बचत | | बचत फिर्ता गर्ने समय |
|---|---|---|---|---|
| | | न्युनतम | अधिकतम | |
| १. | अनिवार्य मासिक बचत | २०० | ५००० | • निरन्तर बचत गरेको १० वर्ष पूरा भएमा, वा दुर्घटना भएमा, प्राणघातक रोग लागेमा,पक्षघात भएमा,<br>• उमेरको हकमा ६५ वर्ष उमेर पुगेमा जम्मा भएको रकमको १० प्रतिशत रकम छोडेर झिक्न मिल्ने<br>• संस्था स्थापना भएको साल देखी १० प्रतिशत छोडेर झिक्न मिल्ने |
| २. | साधारण बचत | १०० | ईच्छानुसार | जुनसुकै बेला रकम राख्न र झिक्न मिल्ने, न्युनतम मौज्दात रु १००० राखी वाकीँ रकम फिर्ता लिन र पुन बचत गर्न सकिने, भुक्तानी पुर्जा (चेक) उपलब्ध |
| ३. | महिला बचत | १०० | ईच्छानुसार | जुनसुकै बेला रकम राख्न र झिक्न मिल्ने, न्युनतम मौज्दात रु १००० राखी वाकीँ रकम फिर्ता लिन र पुन बचत गर्न सकिने, भुक्तानी पुर्जा (चेक) उपलब्ध |
| ४. | मेघा बचत | १००० | ईच्छानुसार | जुनसुकै बेला रकम राख्न र झिक्न मिल्ने, न्युनतम मौज्दात रु १००० राखी वाकीँ रकम फिर्ता लिन र पुन बचत गर्न सकिने, भुक्तानी पुर्जा (चेक) उपलब्ध, मोबाइल बैङ्किंगको लागि अनिवार्य खोलिने खाता । |
| ५. | बाल बचत | १०० | ईच्छानुसार | जुनसुकै बेला राख्न सकिने, वार्षिक एक पटक मात्र भुक्तानी । |
| ६. | बाल शैक्षिक बचत | ५०० | ईच्छानुसार | • संस्थाले सुत्केरी भत्ता प्रदान गरेका सदस्यले अनिवार्य नवजात शिशुको नाममा खाता खोली रकम जम्मा गर्नुपर्ने ।<br>• यस बचत योजनामा खुत्रुके वितरण गरिने छ ।<br>• यो बचत योजना ५, १०, १५ वर्ष अवधीको रहेको छ ।<br>• हरेक ३-३ महिनामा खुत्रुके खोलिने र मासिक रु ५०० अनिवार्य बचत गर्नुपर्ने । |
| ७. | प्रारम्भिक बचत | १०० | ईच्छानुसार | जुनसुकै बेला रकम राख्न र झिक्न मिल्ने, न्युनतम मौज्दात रु १००० राखी बाँकी रकम फिर्ता लिन र पुन बचत गर्न सकिने, भुक्तानी पुर्जा (चेक) उपलब्ध भने, संस्थामा शेयर वृद्धि गर्नको लागि खोलिने खाता । |
| ८. | ३ महिने देखी २ वर्षे आवधिक बचत | ५०००० | ईच्छानुसार | अबधी पुगे पछि झिक्न सकिने |
| ९. | विशेष मुद्धती बचत | ५०००० | ईच्छानुसार | एकमुष्ठ रकम जम्मा गरि, ६ वर्षे दोब्बर साँवा बराबर नै ब्याज सदस्यलाई प्रदान गरिने । |
| १०. | भाडा बचत | १०० | ईच्छानुसार | सदस्यलाई पसल भाडा तिर्ने प्रयोजनको लागि, दैनिक बचत मासिक भुक्तानी, मासिक बजार विकास समितिमा बुझाउने |

| | | | | |
|---|---|---|---|---|
| ११. | भ्रमण, पर्व, गहना बचत | १०० | ईच्छानुसार | जुनसुकै बेला राख्न सकिने, वार्षिक एक पटक मात्र भुक्तानी । |
| १२. | सुनौलो बचत योजना | १०० | ५००० | ३६५ दिन दैनिक बचत, संस्थाले व्याज थपेर भुक्तानी गर्ने । |
| १३. | पन्चवर्षिय मासिक बचत | १०० | १०००० | समान रुपमा समान मासिक बचत, संस्थाले ५ वर्ष पछि व्याज थपेर भुक्तानी गर्ने । |
| १४. | स्वर्णिम पेन्सन बचत योजना | १०० | ५०० | दैनिक बचत, १२ वर्ष पछि दोब्बर साँवा बराबर नै ब्याज सदस्यलाई प्रदान गरिने । |

**संस्थाद्वारा प्रदान गरिने ऋण सुविधाहरु :**

| क्र.स | ऋणको प्रकार | सिमा | अधिकतम अवधी | भुक्तानी तरिका (किस्ता) |
|---|---|---|---|---|
| १. | आपतकालिन सापटी | २५००० | ७ दिन | एकमूष्ठ |
| २. | व्यापार ऋण | १००००० | ३० दिन | दैनिक |
| ३. | वाणिज्य ऋण | २००००० | १ वर्ष सम्म | दैनिक |
| ४. | उद्यमी ऋण | ५००००० | २ वर्ष सम्म | दैनिक |
| ५. | महिला उद्यमी ऋण | ५००००० | २ वर्ष सम्म | दैनिक |
| ६. | व्यवसायिक ऋण | १ करोड, क्षमताको आधारमा | १५ वर्ष सम्म | दैनिक |
| ७. | शैक्षिक ऋण | १ करोड, क्षमताको आधारमा | १५ वर्ष सम्म | ६ महिना पछिको सावाँ किस्ता |
| ८. | घरजग्गा ऋण | १ करोड, क्षमताको आधारमा | १५ वर्ष सम्म | दैनिक |
| ९. | रेभो विजनेश ऋण | ५० लाख, क्षमताको आधारमा | १ वर्ष सम्म | एकमूष्ठ, व्याज मात्र तिर्ने |
| १०. | लाईन अफ क्रेडिट | ५० लाख, क्षमताको आधारमा | १ वर्ष सम्म | एकमूष्ठ, व्याज मात्र तिर्ने विचमा घटेको किस्ता थप्न मिल्ने |
| ११. | कृषि ऋण | ५००००० | २ वर्ष सम्म | ३ महिना पछिको सावाँ किस्ता |
| १२. | आवधिक बचत धितो ऋण | बचतको ९० प्रतिशत | मुद्दतीको समय अनुरुप | एकमूष्ठ |
| १३. | ग्रिन कार्ड होल्डर ऋण | ५००००० | २ वर्ष सम्म | दैनिक |

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड कालिमाटी, काठमाण्डौको २५ औं बार्षिक साधारण सभामा अध्यक्ष श्री दुर्गालाल श्रेष्ठज्यूद्वारा प्रस्तुत बार्षिक प्रतिवेदन २०८०/०८१



श्री दुर्गालाल श्रेष्ठ
अध्यक्ष

**२५ औ बार्षिक साधारणसभाका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथि ज्यू**
**आमन्त्रीत अतिथिगण, सदस्य महानुभावहरु, सञ्चारकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु !**

तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड कालिमाटी, काठमाण्डौंको २५ औं वार्षिक साधारण सभाको आमन्त्रणमा उपस्थित भई कार्यक्रम सफल पार्न सहयोग पुऱ्याउनु भएकोमा संस्थाको तर्फबाट स्वागत एवं सहकारी अभिवादन व्यक्त गर्दै सबै प्रति हार्दिक आभार प्रकट गर्दछु। साथै संस्थाको २५ औं वार्षिक साधारण सभामा बार्षिक प्रतिबेदन प्रस्तुत गर्न पाउँदा आफू अत्यन्त हर्षित भएको छु। संस्था सञ्चालन गर्नमा अमूल्य सुझाव दिनुहुने सल्लाहकारज्यूहरु, साथ-सहयोग गर्नुहुने सञ्चालक एवं लेखा पदाधिकारीहरु, पूर्व पदाधिकारीहरु सदैब क्रियाशील सदस्य महानुभावहरु एवं शुभचिन्तकहरु सबै प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

सर्वप्रथम बचत तथा ऋण सहकारीका संस्थापक जर्मनका एफ.डब्लु.राइफेजन (F.W. Raiffeisen) प्रति हार्दिक श्रद्धा व्यक्त गर्दछु। सन् १८४९ मा जर्मनका किसान , मजदुर र गरिबीमा परेका व्यक्तिहरुलाई साहु महाजनको चर्को व्याजदरको ऋणमा चुर्लुम्ब डुविरहेका व्यक्तिहरुलाई सहुलियत व्याजदरमा आर्थिक उत्थान गर्ने उद्देश्यले बचत तथा ऋण सहकारी स्थापना भएको थियो। हाम्रो देश नेपालमा भने बैधानिक रुपमा वि.सं. २०१३ सालमा सहकारी स्थापना भएको हो। नेपालको संविधानले नै राष्ट्रिय अर्थतन्त्रको एक आधारको रुपमा सहकारीलाई स्वीकार गरेको अवस्था छ। देशको आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले सहकारीलाई ३ खम्बे अर्थनितीमा पनि समाबेश गरेको छ।

**उपस्थित महानुभावहरु,**

नेपालमा सहकारी स्थापना भएको ६७ वर्ष पूरा भैसकेको एवं सहकारी ऐन २०४८ पश्चात सहकारी ऐन २०७४ लागू भई कार्यान्वयन आएको सन्दर्भसँगै सहकारी अभियानले एउटा इतिहास वनाईसकेको अवस्था छ। समय सँगसँगै देश संघिय संरचनामा गईसकेपछि प्रदेश अर्न्तगत रही यस सहकारी संस्थाले आफ्नो कारोवार अगाडी बढाएको अवस्था छ। सहकारी नियमावली २०७५, बागमती प्रदेश ऐन र नियमावली २०७६ पनि आईसकेको अवस्था छ। संघिय, प्रादेशिक र स्थानीय सहकारी विभागले वेला बेलामा जारी गरेको निर्देशिका, मापदण्ड, परिपत्र, विज्ञप्तिहरुलाई समेत आधार मानी सहकारी संचालन गर्नुपर्ने छ। समय परिवर्तनसँगै प्राप्त गरिने नयाँ निति, विधि र प्रविधिलाई हामीले पनि स्वीकार गर्दै सोही अनुरुप सहकारी संस्थालाई अगाडी बढाउनुपर्ने अवस्था आएको छ ।

**आदरणिय सदस्य माहानुभावहरु,**

वि.स २०५६ साल माघ २१ गते ३० जना सदस्यहरुको सहभागितामा ३१ हजार ९ सय शेयरपूँजीवाट विधिवत रुपमा डिभिजन सहकारी कार्यालयमा दर्ता भई सञ्चालनमा आएको यस सहकारी संस्थाको नवौं कार्यकालका लागि मिति २०७८/०७/२८ गतेको साधारण सभा र २०७८ कार्तिक ३० गतेको निर्वाचनवाट सर्वसम्मत ४ बर्षे अवधिको लागि सञ्चालकमा चुनिएर मैले अध्यक्षको नेतृत्व गरेको यो पहिलो कार्यकालको तेस्रो वर्ष हो, यद्यपि यस अघि

संचालक र सचिवको रुपमा मैले नेतृत्वमा रहेर कार्य गरिसकेको अनुभव भने मसँग छ। २१ औ शताब्दीमा सहकारी संस्थाहरुको प्रतिस्पर्धात्मक रुपमा एउटा छुट्टै पहिचान बोकेर हिडेको यस सहकारी संस्थाले सदस्यहरुको आर्थिक र सामाजिक रुपान्तरणमा अग्रगामी भूमिका खेलेको छ साथै आगामी दिनहरुमा आफूलाई परिष्कृत र सेवामुखी बनाउदै राष्ट्रिय र अन्तराष्ट्रिय स्तरको सहकारी ब्राण्ड प्राप्त गरी समयसापेक्ष रुपमा परिमार्जन गर्दै लैजान सम्पूर्ण सदस्यहरुको उत्तिनै साथ सहयोग र सुझाव आवश्यक रहनेछ।

**उपस्थित महानुभावहरु,**

मेरो अध्यक्षतामा ७ सदस्यीय संचालक समिति गठन भयो र ३ सदस्यीय लेखा सुपविक्षण समिति बन्यो। मेरो अध्यक्षतामा समितिको बैठकवाट कानूनी सल्लाहकार समेत अग्रज र सहकारी जानीफकारहरुको सल्लाहकार मण्डलको गठन भएको छ। ऋण लगानी र असुली व्यवस्थापनको लागि संचालक समितिको १ जना संयोजक र सदस्यहरुवाट २ जना सदस्य गरी ३ सदस्यीय ऋण उपसमिति क्रियाशिल छ। त्यसै गरी संस्थाका विविध कार्यक्रम सञ्चालनका लागि शिक्षा, महिला विकास, बजार विश्लेषण, सदस्य विस्तार उपसमितिहरु गठन गरिएको छ। विगतकै निरन्तरतामा दैनिक कार्य सञ्चालन गर्न विहान ७ बजेदेखि ५ बजेसम्म त्यसैगरी सार्वजनिक विदामा समेत विहान ८ बजेवाट १२ बजेसम्म सदस्य सेवामा सहकारी संचालित नै छ। संस्थाले सदस्यता विस्तार गरेको छ, सदस्यहरुको बचत संकलन गरेको छ, सदस्यहरुलाई सामूहिक जमानी र घर जग्गा धितोमा ऋण लगानी गरेको छ। संस्थाको ऋण असुलीलाई प्राथमिकतामा राखेर पूराना ऋणहरु असुली समेत हुँदै गरेको छ। साप्ताहिक र मासिक रुपमा सञ्चालक र कर्मचारी भएर घरदैलो गरी बजारमा ऋण असुली, बचत संकलन एवं सदस्यहरुको सुझाव लिने गरिएको छ।

**सदस्य महानुभावहरु,**

संस्थाले नियमित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। सदस्यमाझ बचत, ऋण, शेयरमा भएको थपघटका वारेमा जानकारी दिने कार्यक्रम सञ्चालन गरेको छ। विविध कार्यक्रम विच २५ औ स्थापना दिवस समेत सम्पन्न गरिएको छ। राष्ट्रिय/अर्न्तराष्ट्रिय सहकारी दिवसहरु र संस्था सदस्य रहेका जिल्ला सहकारी संघ, राष्ट्रिय सहकारी बैक, नेफ्स्कून, प्रोस्कून र कास्कुनको औपचारिक/अनौपचारिक कार्यक्रममा संस्थागत सहभागिता जनाउदै आएको छ। सदस्य एवं सदस्यका परिवारको दुःखान्त मृत्युमा श्रद्धान्जली अर्पण गर्दै मृतक आत्माको चिरशान्तिको कामनाका साथै परिवारजनमा सान्त्वनाको लागि क्रियापुत्री भेटघाट गर्ने गरिएको छ। सदस्य स्वयंको मृत्यु हुँदा भने परिवारलाई आर्थिक सहयोग स्वरुप निजको सदस्यता बचत खातामा भएको रकमको आधारमा काजक्रिया खर्च उपलब्ध गराउने गरिएको छ। अपाङ्ग-बाल शैक्षिक सहयोग रकम प्रदान गरिएको छ। सदस्यहरुको निशुल्क प्राथमिक उपचारका लागि औषधि सहितको स्वास्थ्य सेवा नियमित रुपमा सञ्चालन गर्ने गरिएको छ। एस.ई.ई.मा A, A+ ग्रेडमा उर्तिण सदस्यका छोरा-छोरीलाई प्रशंसा-पदकबाट बिभुषित गर्ने गरिएको छ। सदस्यका बाल-बालीकाको बचतलाई प्रोत्साहनका लागि बाल-कार्यक्रम गर्दै आईएको छ। संस्थाको वार्षिक उत्सव मनाउने र सोमा जन स्वास्थ्य, वातावरण र चेतना मूलक कार्यक्रम गर्ने गरिएको छ बर्ष-शुभारम्भ र शुभपर्वहरुमा शुभकामना आदान-प्रदान र सदस्यहरुलाई अन्य विविध सामाजिक गतिवधिका कार्यक्रम गर्ने गरिएको छ। त्यसैगरी सदस्यको दुर्घटनामा परी मृत्यु भएको अवस्थामा वार्षिक रुपमा लिइदै आएको सदस्यता शुल्क वापतको रकम दुर्घटना वीमा कोषमा जम्मा हुने गरेको र सोही कोषवाट दुर्घटनामा परी मृत्यु भएको सदस्यको परिवारलाई दुर्घटना विमा सहयोग रकम प्रदान गर्ने गरिएको छ।

**सदस्य महानुभावहरु,**

संस्थाको आर्थिक सुरक्षाको लागि मार्गस्थ, काउन्टर र भल्टको विमा गरि निरन्तरता दिइएको छ भने सुरक्षा

गार्डको व्यवस्थाका साथै cc camera जडान गरी कार्यालयको सुरक्षा अपनाईएको छ । आजको २५ औं वार्षिक साधारणसभा मनाइरहदा सम्म सहकारी संस्थाले धैरै आरोह अवरोहको सामना गर्नुपऱ्यो, संस्था आगलागी, भुकम्प, कोभिड महामारी जस्ता विपत्तीहरुको सामना गर्नुपऱ्यो । तथापी विगतका वर्षहरुमा यस संस्थाले राष्ट्रिय सहकारी बैक, कर कार्यालय, वर्ल्ड बुक रेकर्ड यूके, आइएमई रेमिट आदि संघ संस्थावाट कारोवारको आधारमा पुरस्कृत हुने अवसर प्राप्त गरेको कुरा स्मरण गराउन चाहन्छु, साथै राष्ट्रिय सहकारी बैकले शाखा स्तरिय नियमित कारोवार विधामा पुरस्कार घोषणा गरेको स्मरण गराउन चाहन्छु । संस्थावाट आवश्यक ऋण रकम प्रदान, बचतमा व्याज प्रदानवाट सदस्यहरुको आर्थिक देखि लिएर सामाजिक स्तर पनि बृद्धि भएको छ । साथै सहकारी संस्थाको सेवा विस्तार, कार्यक्षेत्र विस्तार गरी संस्थाको दायरा अझै फराकिलो बनाउने लक्ष्य एवं उल्लेख्य सदस्यता बृद्धि गर्ने लक्ष्य लिईएको छ ।

**सदस्य महानुभावहरु,**

सहकारी संस्थाको समग्र विकासका लागि विश्वास गरेर प्रतिनिधि तोकी सदस्यहरुले सञ्चालक, लेखा पदाधिकारी चुनेका हुन्छन् हामीले पाएको विश्वास र खाएको सपथको लागि सक्रिय भएर सहकारीको स्तरोन्नतीको लागि समर्पित रहनु हाम्रो दायित्व हो । संस्थालाई निति विधि र प्रविधिले चलाउनुपर्ने नियमानुसार आवश्यक आन्तरीक नीति र कार्यविधि बनाई काम गर्नुपर्ने छ । प्रविधिलाई भित्र्याउन सदस्यहरुको आवश्यकतालाई मध्यनजर गर्दै अब तरकारी फलफूल सहकारीलाई प्रविधीमैत्री सहकारी बनाई सदस्यलाई छिटो छरितो सरल सेवा प्रदान गर्नको निमित्त सफ्ट्वेयर र मोबाइल बैकिङलाई पनि समयसापेक्ष अध्यावधिक र मर्मत गर्ने कार्य पनि सकृय रुपमा भई रहेको छ, जस अन्तर्गत यस आ.व. मा ट्याबलेट बैकिङ (बजारबाट बचत संकलनका लागि) सेवा अध्यावधिक, मोबाइल बैकिङ सेवा, **SMS बैकिङ सेवा, QR कोड सेवा, सबै सेवा केन्द्र मार्फत रकम जम्मा तथा भुक्तानीका लागि ABBS सेवा, मिस्डकल मोबाइल रिचार्ज सेवा, मिस्डकल मिनी स्टेटमेन्ट सेवा, ई-टेलर सेवा** जस्ता सेवा पनि संचालनमा ल्याएका छौं । यसैक्रममा, ऋण लगानी र ऋणका कागजातहरुलाई सुरक्षित तवरमा अनलाइन राख्नको निमित्त ऋण फाइल व्यवस्थापन (Loan Management Module) अनुरुप ऋण लगानी गरिएको पनि अवगत गराउन चाहन्छु भने संस्थालाई हर माध्यमबाट सदस्यसंग पहुँच हुनको लागि संस्थाको आधिकारीक बेवसाइट पनि अध्यावधिक गरेको अवगत गराउन चाहन्छु ।

सहकारी ऐन २०७४ आए सँगै एक सदस्य एक सहकारी निति कार्यान्वियनमा आएको छ त्यसैगरी सम्वन्धित निकायले दोहोरो सदस्यता र ऋणी पहिचानका लागि सदस्य सूचना प्रणाली लागू गरेको हुँदा सोही अनुरुप KYM (Know Your Member) फारम भरी सदस्यहरुको विवरण अध्यावधिक गरी सम्वन्धित सहकारी निकायमा पठाइएको र COPOMIS मा समेत प्रविष्टि गरिसकिएकोले अझ बाँकी सदस्यहरुले आफ्नो विवरण अनिवार्य आध्यावधिक गर्न पून म अनुरोध गर्दछु । त्यसैगरी सम्पत्ति शुद्धिकरण निवारण सम्वन्धि आन्तरिक कार्यविधि निर्माण गरी सोही अनुरुप सदस्यसँगको कारोवार पनि गो एम एल, वेव मार्फत नेपाल राष्ट्र बैकको वित्तीय जानकारी इकाईमा नियमित पेश गर्ने गरिएको छ ।

**आदरणीय सदस्य ज्यूहरु,**

विश्वव्यापी रुपमा परेको आर्थिक एवं गैरआर्थिक असर, आरोह अवरोह, सहकारी सम्बन्धी नकारात्मक टिका टिप्पणीको छिट्टा यस सहकारीमा नपर्ने भन्ने पक्कै हुदैन यद्यपी कृषि क्षेत्र र सो सँगको व्यवसायलाई यसले त्यती असर नगरेका कारण र यस सहकारी संस्था पनि सोही पेशामा आवद्ध सदस्यसँग मात्रको कारोवारका कारण हालसम्म यसले लिएका नीति, कार्यक्रम एवं बजेटमा धैरै अन्तर र असर परेको देखिदैन । आ.व. ०८०/०८१ मा सहकारीमा देखिएका यति धैरै उतारचढाव बाबजुत पनि सदस्यज्युहरुको माया, साथ, सकृय सहभागिताको कारण सुखद खाताबन्दी

गर्न सफल भएको सुखद खवर बाड्न चाहन्छु। यस सुखद खाताबन्दी गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा साथ दिनुहुने सम्पूर्ण व्यक्तित्वहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

सदस्यहरुको आवश्यकता परिपूर्ति गर्ने हर कोशिस तरकारी फलफूल साकोसले गरेको हुँदा सदस्यज्युहरुलाई बचत रकम जम्मा मात्र गर्न नभई ऋणको लागि पनि खुल्ला रुपले तरकारी फलफूल साकोसलाई सम्भन हुन विशेष अनुरोध गर्दछु। यस संस्थाको व्याजदरहरु सहकारीहरुको व्याज भन्दा पनि विकास बैकहरुको व्याज दरसंग प्रतिष्पर्धा गर्दै आफ्नो सदस्यको हरेक वित्तिय आवश्यकता सरल र सहज रुपमा तरकारी फलफूल साकोसले नै पूरा गर्ने प्रतिवद्धता पनि गर्न चाहन्छु।

**अन्त्यमा,**

यस वर्ष दिवंगत हुनुभएका हाम्रा शेयर सदस्य भिमलाल वाइवा, वच्चीदेवी तेली, रोशन रुपाखेती, पुष्पा रायमाझीको सम्झनामा मृत आत्माको चिर शान्तीको कामना गर्दै हार्दिक श्रद्धासुमन व्यक्त गर्न चाहन्छु। संस्थाको अध्यक्षको हैसियतले सबैमा समान धारणा र उचित ब्यवस्थापनका लागि सधै क्रियाशिल रहनेछु। यसैगरी २५ औ साधारणसभा मार्फत म सदस्यहरुलाई आग्रह गर्न चाहन्छु कि सहकारी विशुद्ध रुपमा आफ्नो नीति निर्देशनमा आधारित भई वित्तीय  कारोवार गर्ने संस्था हो। त्यसैले संस्थालाई समयसापेक्ष आफ्नो नीतिहरु पनि संशोधन र पूनलेखन गर्दै जानू पर्ने हुन्छ। यसर्थ यस सभामा प्रस्तावित विनियम पुनःलेखन तथा ऋण व्यवस्थापन कार्यविधि, मानव संशाधन कार्यविधि, निर्वाचन कार्यविधि, सूचना प्रविधि कार्यविधि, बचत तथा लेखा व्यवस्थापन कार्यविधि, आर्थिक कार्यविधि, आन्तरिक लेखा परिक्षण कार्यविधि, बचत कार्यविधि, सम्पत्ति शुद्धिकरण नीति तथा कार्यविधि, सदस्य सेवा कार्यविधि, सदस्यता कार्यविधि लगायत अन्य आवश्यक कार्यविधिहरु पारितको लागि पेश गर्दछु। यस सभामा व्यक्तिगत कुरा नभई संस्थागत कुरामा अस्पष्टता भए आफ्नो राय सुझाव लिखित रुपमा प्रदान गरी सहयोगको अपेक्षा गरेको छु। सहकारीको निति, विधि र कारोवारका वारेमा बहस गरौ अन्य विषयमा यसको कुनै पनि भूमिका नरहेको र नरहने कुरा यसै सभाद्धारा स्पष्ट गर्न चाहन्छु।

सहकारी संस्थाको अध्यक्षमा संस्थाको सम्पूर्ण जिम्मेवारी सुम्पेर प्रतिनिधित्व गराउनुहुने सवै सवै प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। संस्थाका चुनौतीहरुलाई सामना गर्दै लगानीलाई सुरक्षित र बढी प्रतिफलयोग्य बनाएर सदस्यको हित र संस्थाको बिकासमा प्रतिबद्ध रहने र सो कार्यमा सवैको हातेमालो हुनेछ भन्ने विश्वासका साथ  सबैमा आग्रह पनि गर्दछु। संस्थाको आगामी कार्यक्रम र बजेट तथा लेखा प्रतिवेदनहरु एवं नीति निर्देशिका प्रति सबैबाट सुझाव आउने नै छ। प्रतिवेदनमा उल्लेखित सम्पूर्ण कार्यहरुमा कर्मचारीवर्ग तथा सम्पूर्ण सदस्यहरुको साथ सहयोग भएर नै कार्य सम्पन्न हुनसकेको एवं भावी कार्यक्रममा सबैको सहयोगबाट संस्थाले प्रगती गर्दै जाने छ भन्ने आशा एवं विश्वास लिएको छु। संस्थाको उत्तरोत्तर प्रगतिमा टेवा पुऱ्याउनुहुने सम्पूर्ण आदरणीय शेयर सदस्यहरु, सञ्चालक, लेखा समिति, पूर्व सञ्चालक, उपसमिति तथा व्यवस्थानका कर्मचारीहरु सवै धन्यवादका पात्र हुनुहुन्छ। संस्थालाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा योगदान पुराउनु हुने पूर्व अध्यक्षज्यूहरु, पूर्व व्यवस्थापकज्यूहरु, पदिय जिम्मेवारीमा रहेका इमान्दार र संस्था प्रति वफादार भई संस्था विकास तथा संचालनमा अमूल्य योगदान दिनु हुने पूर्व कर्मचारीहरु प्रति पनि आभार व्यक्त गर्दछु। तपाईहरुको महत्वपूर्ण सुझावको आशा गर्दै सहयोग प्रति पूनः एकपटक आभारका साथ धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद !**  **जय सहकारी !!**

**२०८१ साल, पौष २१ गते आइतबार**

**कालिमाटी व्याङ्क्वेट, सोल्टीमोड, काठमाडौं।**

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड कालिमाटी, काठमाण्डौको २५ औं बार्षिक साधारण सभामा सदस्य सचिव श्री हरिकृष्ण धेकेद्वारा प्रस्तुत संस्थाको प्रगति, कार्यक्रम तथा बजेट २०८०/८१



**श्री हरिकृष्ण धेक**
**सचिव**

**सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, बिशिष्ठ अतिथि, अतिथिगण, सदस्य महानुभावहरु, सञ्चारकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा स्वागत एवं सहकारिताको न्यानो अभिवादन**

**आदरणीय सदस्य महानुभावहरु,**

वि.स.२०५६ सालमा स्थापना भई सञ्चालनमा आएको तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्थाको २५ औं बार्षिक साधारण सभामा संस्थाको सचिवको रुपमा प्रतिबेदन प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वीत महशुस गरेको छु । २०१३ सालमा चितवनको बखान ऋण सहकारी स्थापना भई शुरु भएको नेपालको सहकारी अभियानमा हामी २०५६ सालमा तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था स्थापना गरी संगठीत रुपमा नै सहभागी भयौं । सहकारीका जनशक्तिको कार्यक्षमता बिकास र सदस्यहरुको सक्रिय सहभागिताका साथै नेतृत्व बिकास गर्दै सहकारीका मूल्य मान्यता र सिद्धान्तमा आधारित भएर संस्था सञ्चालनमा रहेको छ । सदस्यहरुको हित-प्रबर्द्धन र सस्थाको बिकासमा आवश्यक नीतिहरु तर्जुमा गरी कार्यक्रम सञ्चालन गरेको यस सहकारीले संस्थाको प्रगति र सदस्यहरुको जीवनस्तर आर्थिकरुपले बिकास हुनुका साथै यस सहकारीको लोकप्रियता समेत बढेर गएको छ । हाम्रो सहकारी संस्थाको सुदृढ आर्थिक अवस्था, सदस्यहरुको आयआर्जनमा सहयोगि र सामाजिक बिकास एवं सांस्कृतिक रुपान्तरणमा अविभावकत्व लिएको हुंदा हामी सबै मिलेर सहकारीलाई अगाडि बढाउनु अपरिहार्य छ । हामी सबैले शंका, तिरस्कार, शंकिर्णता र आबेगलाई त्याग्नै पर्छ र यसैमा सबै सदस्यहरुको हित हुने छ भनी अनुरोध गर्न चाहन्छु । हाल सहकारी सञ्चालनको लागि आएको नयाँ ऐन नियमावली, निति, निर्देशिका, परिपत्र, सूचना आदिलाई आधार बनाएर हामी पनि अघि बढ्नुपर्ने भएको छ । सहकारी संस्थाहरुमा व्याजदरमा देखिएको बेतिथी साथै सवै सहकारीलाई एउटै मापदण्डमा ल्याउनका लागि सहकारी ऐनले निर्देश गरेको र सहकारी विभागवाट तोकेको सन्दर्भ व्याजदरले सर्वैतिर एकप्रकारको तरङ्ग ल्याएता पनि संस्था स्थापना कालदेखि नै ऋणमा १५ प्रतिशतभन्दा बढि व्याजदर नभएको त्यसैगरी बचतको व्याजदरसँग पनि ६ प्रतिशत भन्दा वढि फरकता नरहेको भाखा नाघेको ऋणको लागि पूर्ण जोखिम कोषको व्यवस्था गरी भाखा नाघेको ऋण प्रतिशत ५भन्दा कममा रहेको कारण यस संस्थाको छुट्टै एउटा इतिहास बनेको कुरामा हामी सबैले गर्व गर्नुपर्छ । बजार विश्लेषण गरी प्रतिस्पर्धात्मक रुपमा समयसापेक्ष व्याजदर परिमार्जन गर्दै अघि बढ्ने साथै यस संस्थालाई दिगो, भरपर्दो र प्रतिस्पर्धात्मक बनाउने तर्फ हामी सवै प्रतिवद्ध भने रहनुपर्छ ।

**उपस्थित सदस्य महानुभावहरु !**

हाम्रो सञ्चालक समिति २०७८ कार्तिक २८ को साधारण सभा र ३० गतेको निर्वाचनवाट सर्वसम्मत चुनिएर सचिवको जिम्मेवारी पाएको हु भने सहकारीमा मेरो समितिमा रहेको पहिलो अनुभवको तेस्रो वर्ष हो । सर्वसम्मत्त निर्वाचित गराएर संस्थाको महत्वपूर्ण जिम्मेवारी सुम्पिनुभएकोमा सवै सदस्यहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । यो जिम्मेवारीलाई निस्वार्थ रुपमा संस्था र सदस्यको सर्वोपरि हितका लागि खर्चिने समेत प्रतिवद्धता व्यक्त

गर्दछु । यसैगरी, व्यवस्थापनको पाटोमा तपशिल बमोजिमको व्यवस्थाहरु संस्थामा भएको कुरा जानकारी गराउन चाहन्छु ।

**१. कार्यालय व्यवस्थापन :**

यस कार्यकालमा संचालक र लेखाका बैठकहरु छुट्टै गरिए । सल्लाहकारहरु मनोनित गरी सल्लाहाकार समितिबाट आवश्यक परामर्श लिने गरिएको छ । संस्थाले लगानी गर्ने ऋणका लागि ऋण उपसमितिका बैठकहरु बसेका छन् । शिक्षा उप-समितिको गठन भएको छ । सहकारी संस्थामा आवश्यक कार्यालय सामानको खरिद तथा मर्मत संभार गर्ने साथै आवश्यक जनशक्तिको व्यवस्थापन भएको छ । सहकारी संस्थामा व्यवस्थापक भएको र निजको मातहतमा रहने गरी १७ जना कर्मचारीको व्यवस्था गरिएको छ । हालसम्म बजार विकास समितिको बहुउद्देश्यिय भवनमा भाडाको कार्यालय सञ्चालन भईरहेको छ । मासिक नियमित कार्यसमितिको वैठकलाई व्यवस्थित र फलदायी बनाउन बैठक सञ्चालन विधि बनाएर कार्यन्वयनमा ल्याइएको छ । सम्पत्ति शुद्धिकरण निवारण ऐनको निर्देशलाई पूरा गर्न कर्मचारी व्यवस्था गरी सदस्यको पहिचान सहित सीमा र शंकास्पद कारोवारको प्रतिवेदन सम्वन्धित निकायमा पठाईएको छ । कर्मचारीहरुको आचारसंहिता सहित कार्यविवरण तयार गरी वितरण गरी कार्यान्वयनमा ल्याईएको छ । असल र उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत गर्ने एवं नियम विपरित कार्य गर्ने कर्मचारीलाई कारवाहीको समेत व्यवस्था गरिएको छ । बल्खुमा रहनुभएका सदस्यहरुलाई सेवा दिने हिसावले बल्खु नगद संकलन केन्द्रवाट कारोवारलाई निरन्तरता दिईएको छ । सहकारी संस्थाको राजस्व दाखिला तथा सम्वन्धित निकायहरुमा बिवरणहरु समयमा नै बुझाउने गरिएको छ । सहकारी संस्था र कारोवारमा आधुनिक प्रविधि भित्र्याउदै विद्युतिय माध्यमवाट कार्य संचालन व्यवस्था शुरु गरिएको र तरकारी फलफूल सहकारीलाई प्रविधिमैत्री सहकारी बनाइएको छ ।

**२.ऋण प्रकृया सम्बन्धी व्यवस्था**

यस संस्थाले सदस्यहरुलाई सामूहिक जमानी र घर जग्गा धितोमा ऋण लगानी गरेको छ। संचालक समितिवाट संयोजक १ र अन्य सदस्यहरुवाट २ जना गरी ३ जनाको ऋण उपसमिति गठन गरी क्रियाशिल छ । सदस्यहरुका एकाघर सगोलका परिवारमा सामूहिक जमानीको ऋण २ जना सदस्यहरु सम्मले मात्र एकै पटकमा लिन सक्ने व्यवस्था मिलाईएको छ । ऋण असुली व्यवस्थित गर्न साक्षी जमानीलाई सजग गराउने र साक्षी जमानीको बचत एवं शेयर रोक्का गर्ने तथा आवश्यक कानूनी कारवाही अगाडि बढाईने गरी ऋण कार्यक्रम तर्जुमा गरिएको छ । वाणिज्य ऋण अन्तर्गत पनि उद्यमी र महिला उद्यमी ऋणमा वर्गिकरण गरी ऋण लगानीमा लचकता अपनाईएको छ । सबै ऋणको सेवा शुल्क १ प्रतिशत निर्धारण गरिएको छ । प्राथमिक पूँजीकोषको आधारमा ऋण लगानी सिमा १ करोड अधिक्तम गरिएको छ । विनियममा हाल कायम भएको ऋण उपसमितिको गठन प्रक्रियालाई संसोधन पश्चात भने यसरी गठन भएको उपसमितिको समयावधि १ वर्षको मात्र हुने गरी पुन ऋण उपसमिति गठन गरिएको छ । सामूहिक जमानीको ऋणमा १ लाखसम्म व्यवस्थापकवाट सो भन्दा माथी ५ लाखसम्म अध्यक्षवाट एवं धितो जमानतको २५ लाखसम्म व्यवस्थापन समूहवाट २५ लाखभन्दा माथी ५० लाखसम्म ऋण उपसमितिको बैठकवाट साथै सो भन्दा माथी संचालक समतिको बैठकवाट ऋण स्वीकृत पश्चात लगानी गर्ने गरिएको छ । व्यवस्थापक र अध्यक्षले स्वीकृत गरी लगानी भएको ऋण, ऋण उपसमितको बैठकवाट, उपसमितिले स्वीकृत गरेको ऋण, संचालक समितिको बैठकवाट अनुमोदन गरिएको छ । कृषि ऋणमा २ प्रतिशत ब्याज छुट र ३ महिना पछिको सांवा किस्ता रहने साथै शैक्षिक ऋणमा ६ महिना पछिको सांवा किस्ता हुने गरी ग्रेस समयको व्यवस्था गरिएको छ । ऋणको ब्याजदर पनि बचतको झै बजार अध्ययन र लागत विश्लेषण गरी सदस्यहरुलाई सहुलियत हुनेगरी तोकिएको छ । १० लाख भन्दा माथिको धितो मूल्याङ्कन प्राविधकवाट गराइएको छ भने कार्यालयका आधिकारीक कर्मचारी एवं पदाधिकारीवाट घर जग्गा निरिक्षण

गरी रिर्पोटलाई अनिवार्य गरिएको छ। प्राविधिक मूल्याङ्कन गर्दा लाग्ने शुल्क सदस्य स्वंमको हुनेछ भने कार्यालयवाट भएको आधिकारीक निरिक्षणमा यातायात खर्चको व्यवस्था कार्यालयले गरेको छ।

सापटी बाहेक सवै ऋणहरु किस्तावन्दीमा लगानी गरिएको छ किस्ता नराखेमा अथवा अपूग भएमा थप व्याज लाग्ने व्यवस्था गरिएको छ। सामूहिक जमानीमा लगानी गरिने रु २ लाखसम्मको ऋणको समयावधि १ वर्ष र सोभन्दा माथी ५ लाखसम्मको समायावधि अधिकतम २ वर्षसम्मको हुने व्यवस्था गरिएको छ। ऋण माग गर्ने सदस्यहरुको न्युनतम २५० कित्ता शेयर अनिवार्य गरिएको छ भने २ लाखभन्दा माथी ५ लाखसम्मको सामूहिक जमानीमा ऋण आवेदन गर्ने सदस्यहरुको ५०० कित्ता शेयर अनिवार्य गरिएको छ साथै धितो जमानतमा ऋण आवेदन गर्ने सदस्यहरुको रु ५० लाखसम्म अनिवार्य ५०० कित्ता तथा रु ५० लाख भन्दा माथी ऋण लिनको लागि अनिवार्य १००० कित्ता हुनुपर्ने व्यवस्था गरिएको छ ऋण सम्वन्धी अन्य पूर्ववत व्यवस्थालाई निरन्तरता दिईएको छ। यस वर्ष ऋण ताकेताका लागि फोन सम्पर्क, घरदैलो भेटघाट लगायत एस.एम.एस र पत्राचारको माध्यमवाट ऋण असुलीलाई प्राथमिकता दिईएको र सोही अनुरुप ऋण असुली समेत भएको छ। धेरै वर्ष अगाडि लगानी भएका, २०६८ फागुनमा कार्यलयमा भएको आगलागीका कारण प्रमाण नष्ट भएका, साक्षी जमानी र चिनजानको हैसियतवाट पहल गर्दा समेत असुली हुन नसकेका ऋणलाई अपलेखन गरि जोखिमकोषवाट खर्च लेखिएको छ। अपलेखन गरिएका ऋणहरु पनि सर्म्पकमा ल्याई असुली गर्ने कार्य भएको पनि जानकारी गराउन चाहान्छु।

अपलेखन गरिएका ऋण मध्ये पनि ऋणी सदस्य राजन बास्कोटाको मृत्यु भएको, साक्षी जमानीबाट पनि रकम असुल उपर गरी बाकीँ हुन आउने १२५३४ र ऋणी सदस्य हिरालाल गोलेको मृत्यु भएको, साक्षी जमानी, घरपरिवारबाट समेत पनि रकम असुल उपर गरी बाँकी हुन आउने ११६८७ रकमको उठाउने आधार नभएको हुदाँ ऋण मिनाहाको लागि यस सभामा पेश गर्दछु। अन्य पूर्ववत व्यवस्थालाई निरन्तरता दिईएको छ।

### ३. कर्मचारी व्यवस्थापनको व्यवस्था :

आ.व २०७८/०७९ मा सहकारी ऐन २०७४ ले दिएको निर्देशनको पालना गर्दै संचालक समितिवाट कार्यकारी रहने व्यवस्थालाई पूर्णविराम दिई कर्मचारीको मुख्य व्यवस्थापन रहने गरी जिम्मेवारी प्रदान गरिदै आएको छ। कर्मचारीको अवकाश तथा भर्नालाई आवश्यकता अनुसार पदपूर्ति गर्दै जाने,तह र जिम्मेवारी अनुरुपको तालिम एवं कार्यक्रममा सहभागिताको लागि अवसर प्रदान गर्ने गरिएको छ। ऋण अधिकृत, बजार प्रतिनिधि कर्मचारीको राजीनामा पश्चात पून कर्मचारी भर्ना गरिएको छ। यस वर्ष कर्मचारीहरुले तपशिलको तालिम एवं उत्प्रेरणा प्राप्त गरेका छन्।

| क्र.स | सहभागिको नाम | तालिमको नाम | मिति | कैफियत |
|---|---|---|---|---|
| १. | सूनिता चलाउने | 19th Advanced User Training (MBWIN) | २०८० असोज ०७ देखी १० गते | सफ्टवेयर चलाउने क्षमता बढाउन |
| २. | संगिता दाहाल | सहकारीमा ऋण व्यवस्थापन तालिम कार्यक्रम | २०८० असोज २० देखी २२ गते | ऋण व्यवस्थापन अझ बढी व्यवस्थीत पार्न |
| ३. | तरकारी फलफूल साकोसका सम्पूर्ण कर्मचारी | कर्मचारी पूर्नताजगी | २०८० फाल्गुन २० गते | कर्मचारीलाई पूनर्वल प्रदान |

**आर्थिक वर्ष ०८०/०८१ मा देहाय अनुसारका १८ जना कर्मचारीहरु कार्यरत छन्।**

- १ जना व्यवस्थापक
- ३ जना अधिकृत
- १ जना वरिष्ठ सहायक

- ३ जना सहायक
- ८ जना कनिष्ठ सहायक
- १ जना कार्यलय सहयोगी
- १ जना सुरक्षा गार्ड

**४. सदस्य केन्द्रित कार्यक्रमहरु :**

| क्र.स | मिति | कार्यक्रमको नाम | लक्षित सदस्य | कैफियत |
|---|---|---|---|---|
| १ | २०८०/०५/२१ | सहकारी शिक्षा | महिला सदस्य | सदस्य सहकारी शिक्षा तथा हरितालिका तिज शुभकामना आदानप्रदान कार्यक्रम |
| २ | २०८०/०७/१८ | बाल शैक्षिक योजना खुत्रुके खोल्ने कार्यक्रम | बाल सदस्य | त्रैमासिक कार्यक्रम |
| ३ | २०८०/०९/०५ | विस्तारित मञ्च | सदस्य | २४औं वार्षिक साधारण सभा विशेष |
| ४ | २०८०/०९/०६ | विस्तारित मञ्च | सदस्य | २४औं वार्षिक साधारण सभा विशेष |
| ५ | २०८०/०९/२७ | सहकारी शिक्षा | युवा सदस्य | सदस्य सहकारी शिक्षा |
| ६ | २०८०/१०/१४ | निशुल्क सदस्य विस्तार | सम्भावित सदस्य | २५औं स्थापना दिवस विशेष |
| ७ | २०८०/१०/१५ | जेष्ठ सदस्य तिर्थ यात्रा कार्यक्रम | सम्भावित सदस्य | २५औं स्थापना दिवस विशेष |
| ८ | २०८०/१०/१६ | सहकारी अन्र्तरक्रिया कार्यक्रम | कालीमाटीको स्थानियहरु संग | २५औं स्थापना दिवस विशेष |
| ९ | २०८०/१०/१७ | निशुल्क स्वास्थय शिविर | सम्भावित सदस्य | २५औं स्थापना दिवस विशेष |
| १० | २०८०/१०/१८ र १९ गते | मैत्रीपूर्ण तथा प्रतिष्पर्धात्मक फुटसल कार्यक्रम | युवा सदस्य | २५औ स्थापना दिवस विशेष |
| ११ | २०८०/१०/२० | स्थानिय टोल, बजार सरसफाई कार्यक्रम | कालीमाटी परिसर | २५औं स्थापना दिवस विशेष |
| १२ | २०८०/१०/२१ | २५औं स्थापना दिव को मूल समारोह कार्यक्रम | सदस्य | २५औं स्थापना दिवस विशेष |
| १३ | २०८०/१०/२७ | बाल शैक्षिक योजना खुत्रुके खोल्ने कार्यक्रम | बाल सदस्य | त्रैमासिक कार्यक्रम |
| १४ | २०८१/०१/२२ | बाल शैक्षिक योजना खुत्रुके खोल्ने कार्यक्रम | बाल सदस्य | त्रैमासिक कार्यक्रम |
| १५ | २०८१/०१/२९ | बालबचतकर्ता रमाईलो वनभोज कार्यक्रम | बाल सदस्य बाल बचतकर्ताहरु ५ देखी १५ वर्ष उमेर समूह | गोदावरी, ललितपूर |
| १६ | २०८१/०२/१६ देखी १९ गतेसम्म | सहकारी अवलोकन भ्रमण | सम्भावित सदस्य | वार्षिक कार्यक्रम |

## ५. समिति, उपसमिति तथा व्यवस्थापन

सहकारीको कारोवारलाई व्यवस्थित बनाईने छ। संस्थाका समितिहरुलाई बढी क्रियाशील बनाउने र साबिकको संञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको प्रति बैठक भत्ता रु.३०००। यथावत राखिनेछ साथै सञ्चालक समितिको बैठक बसी उपस्थित रहेको खण्डमा मासीक पत्रपत्रिका रु.१,०००।- र सञ्चार सुबिधा रु.५००।- खर्च उपलब्ध गराइने प्रस्ताव निरन्तरताका लागि पेश गरिएको छ भने संञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको मासिक यातायत खर्च वापत रु.१,०००।- प्रस्ताव पेश गरिएको छ। सहकारीका सबै कामहरु उपसमितिहरु गठन गरी सो मार्फत सम्पन्न गर्ने प्रस्ताव गरेको छु। उपसमितिहरुलाई सक्रिय बनाई उपसमितिको प्रति बैठक भत्ता रु.१०००। यथावत गरिएको छ भने मासिक यातायत खर्च वापत रु.५००।- प्रस्ताव पेश गरिएको छ। त्यसैगरी सहकारी सञ्चालनमा महत्वपूर्ण सल्लाह एवं मार्गनिर्देशका लागि गठन गरिएको सल्लाहकारज्युलाई प्रति बैठक भत्ता रु.१,५००।- र मासीक सञ्चार सुबिधा रु.५००।- खर्च उपलब्ध गराउने व्यवस्था निरन्तरता दिईएको छ। त्यसैगरी व्यवस्थापकले मासिक तलव ३५,२००। बाहेक रु १५,०००। भत्ता, संचार, यातायत र महंगी भत्ता रु २५००। एवं सवारी साधनको सुविधा उपभोगलाई निरन्तरता दिईनेछ। सहकारीको कार्यालयलाई आवश्यक उपकरण, साधन एवं दक्ष जनशक्ति थप व्यवस्था गरी कार्यालयको कारोवार र सेवा सहज बनाईने छ। संघिय, प्रादेशिक र स्थानीय सरकारको नियममा पर्ने विधि र प्रक्रियालाई अवलम्वन गर्दै अगाडी बढिने छ। समिति नै सहकारी संस्थाको प्रमुख जिम्मेवार पक्ष भएको साथै सदस्यहरु समितिसँग नजिक भएर काम लिने वानीमा अभ्यस्त भएका कारण समितिको अध्यक्षले दैनिक कार्यालयको रेखदेख साथै ऋण लगानीको स्वीकृतीको पनि जिम्मेवारी लिने गरी नियमित बैठक भत्ताका अलवा मासिक भत्ता रु २०,०००। उपलब्ध भईरहेकोमा रु २५,०००। प्रस्ताव पेश गरेको छु। त्यसैगरी संचालक सदस्य सचिवको समेत जिम्मेवारी र जवाफदेहितालाई मध्यनजर गर्दै कार्यलयको कामकाज अझ व्यवस्थित र चुस्त दुरुस्त गर्नका लागि बैठक भत्ता बाहेक मासिक रु १५,०००। (अक्षरेपी रु पन्ध्र हजार) भत्ता उपलब्ध भईरहेको र यसलाई निरन्तरताको लागि समेत प्रस्ताव पेश गरेको छु। समितिहरुका बैठक नियमित बस्ने गरिएको छ। आ.व २०८०/८१ मा संचालक समितिका १९ वटा बैठकहरु बसेका छन भने ऋण उपसमितिको नियमित १२ वटा बैठक वसी ऋण लगानीलाई व्यवस्थित गरिएको छ एवं अन्य उपसमितिहरुका बैठकहरुले गरेका निर्णय अनुमोदनको लागि प्रस्ताव पेश गर्दछु। आवश्यक पर्दा सल्लाहकारहरुसँग सल्लाह र परामर्श लिने गरिएको छ। समिति, उपसमिति, सल्लाहकारहरुको भत्ता वापत यस आ.व मा भएका खर्च विवरण तपशिल बमोजिम रहेको छ।

## ४. सदस्य केन्द्रित कार्यक्रमहरु :

| क्र.स | नाम | पद | रकम | भत्ता, संचार पत्र पत्रिका |
|---|---|---|---|---|
| १ | दुर्गालाल श्रेष्ठ | अध्यक्ष | ५४००० | भत्ता, संचार पत्र पत्रिका |
| २ | हरिकृष्ण धेके | सचिव, कर्मचारी पदपूर्ति उपसमिती | ६३००० | भत्ता, संचार पत्र पत्रिका |
| ३ | कल्पना कुमारी चौलागाई | संचालक सदस्य, महिला विकास उप समिती | ५५००० | भत्ता, संचार पत्र पत्रिका |
| ४ | राजन प्रसाद पराजुली | संचालक सदस्य, ऋण उप समिती, कर्मचारी पदपूर्ति उपसमिती | ६७००० | भत्ता, संचार पत्र पत्रिका |
| ५ | ऋषिराम खतिवडा | संचालक सदस्य, बजार विष्लेषण उप समिती | ४६००० | भत्ता, संचार पत्र पत्रिका |
| ६ | शर्मिला श्रेष्ठ | संचालक सदस्य, महिला विकास उप समिती | ४१५०० | भत्ता, संचार पत्र पत्रिका |
| ७ | बिम्बा छिरिंग दोर्जे थिंग | संचालक सदस्य, शिक्षा उप समिती | ५७००० | भत्ता, संचार पत्र पत्रिका |
| ८ | कृष्ण प्रसाद आचार्य | लेखा सुपरिवेक्षण समिती संयोजक | २८५०० | भत्ता, संचार पत्र पत्रिका |

| | | | | |
|---|---|---|---|---|
| ९ | सुमन श्रेष्ठ | लेखा सुपरिवेक्षण समिती सदस्य | २८५०० | भत्ता, संचार पत्र पत्रिका |
| १० | पार्वती खकुराल | लेखा सुपरिवेक्षण समिती सदस्य | २८५०० | भत्ता, संचार पत्र पत्रिका |
| ११ | गिता प्रसाद आचार्य | सल्लाहकार | ७५०० | भत्ता, संचार |
| १२ | प्रल्हाद भण्डारी | सल्लाहकार | ६००० | भत्ता, संचार |
| १३ | भरत प्रसाद खतिवडा | सल्लाहकार | ७५०० | भत्ता, संचार |
| १४ | विष्णु प्रसाद रुपाखेती | सल्लाहकार | ६००० | भत्ता, संचार |
| १५ | दिपक अधिकारी | सल्लाहकार, कर्मचारी पदपूर्ति उपसमिती | १६५०० | भत्ता, संचार |
| १६ | भगवान चन्द्र उप्रेती | सल्लाहकार | ७५०० | भत्ता, संचार |
| १७ | उज्वल कार्की | सल्लाहकार, कर्मचारी पदपूर्ति उपसमिती | १३५०० | भत्ता, संचार |
| १८ | छत्रलाल श्रेष्ठ | ऋण उप समिती सदस्य | ४००० | बैठक भत्ता |
| १९ | योगेन्द्र ढुंगाना | ऋण उप समिती सदस्य | ७००० | बैठक भत्ता |
| २० | उद्धव कुमार श्रेष्ठ | ऋण उप समिती सदस्य | ३००० | बैठक भत्ता |
| २१ | तुलसा प्रधान | सदस्य विस्तार उप समिती सदस्य | १००० | बैठक भत्ता |
| २२ | निर कुमारी श्रेष्ठ | महिला विकास उप समिती सदस्य | १००० | बैठक भत्ता |
| २३ | विनिता लामा | महिला विकास उप समिती सदस्य | १००० | बैठक भत्ता |
| २४ | रमेश कुमार श्रेष्ठ | शिक्षा उप समिती सदस्य | १००० | बैठक भत्ता |
| २५ | नवराज पाठक | शिक्षा उप समिती सदस्य | २००० | बैठक भत्ता |
| २६ | श्यामहरी नगरकोटी | शिक्षा उप समिती सदस्य | २००० | बैठक भत्ता |
| २७ | लक्ष्मण श्रेष्ठ | बजार विश्लेषण उप समिती सदस्य | १००० | बैठक भत्ता |
| २८ | प्रकाश थापा | बजार विश्लेषण उप समिती सदस्य | १००० | बैठक भत्ता |

उल्लेखित रकममा नियमानुसार करकट्टी गर्ने गरिएको छ ।

**६. अन्य कार्यक्रम :**

प्रत्येक महिना सदस्यता खुला गरिएको छ त्यसैगरी केही पर्व एवं अवसर पारेर घुम्ती सेवा राखेर सदस्यका लागि निशुल्क सशुल्क सदस्यता खुला पनि गरिएको छ । सदस्यहरुको पसलको भाडा, भाडा बचत मार्फत बजार विकास समितिमा बुझाइएको छ । यस वर्ष पनि बार्षिक क्यालेण्डर छपाई गरी वितरण गरिएको छ । जेष्ठ सदस्य र एकल महिलाको सम्मानमा वार्षिक २ हजारका दरले भत्ता वितरण गरियो । सदस्यका छोरा-छोरीले एस.ई.ई.मा ए र ए+ग्रेडमा उतिर्ण गर्दा शैक्षिक पुरस्कार स्वरुप प्रशंसा-पदकबाट बिभुषीत गरियो । महिला सदस्य सुत्केरी हुँदा प्रदान गरिने भत्ता रु ५ हजारका दरले महिला सदस्य सुत्केरी भत्ता उपलब्ध गराईएको छ । सहकारी दिवस समारोहमा संस्थाको सहभागिता राम्रो रहँदै आएको छ । सहकारी संस्थाको २५ औं बार्षिक-उत्सव माघ २१ गते विविध कार्यक्रम गरी समापन गरियो । यस वर्ष पनि महिला सदस्यहरुलाई तालिम तथा मनोरन्जनात्मक कार्यक्रममा सहभागि गराइएको छ । बिभिन्न चाडपर्वहरुमा शुभकामना कार्यक्रम सम्पन्न गरिएको छ । सदस्य राहत एवं सामाजिक सुरक्षाका रकमहरु सदस्यलाई वितरण गरिएको छ । विभिन्न रेमिटान्स मार्फत सदस्यहरुलाई सेवा प्रदान गरिएको छ ।

**७ सामाजिक क्रियाकलाप :**

यस बर्ष सहकारी संस्थावाट तपशिलको सुविधा तपशिलका सदस्यहरुले प्राप्त गर्नुभएको व्यहोरा अवगत गराउन चाहन्छु ।

## सुत्केरी भत्ता

| क्र.स. | सदस्यको नाम | सदस्यता नं | भत्ता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गिभिना थापा मगर | ३८३३ | ५०००/– | बाल शैक्षिक बचत खाता |
| २ | सुप्रिम लुईटेल | ३८४८ | ५०००/– | बाल शैक्षिक बचत खाता |
| ३ | आईरिस अधिकारी | ३८५६ | ५०००/– | बाल शैक्षिक बचत खाता |
| ४ | नोरेन थापा | ३८५७ | ५०००/– | बाल शैक्षिक बचत खाता |
| ५ | कुशल पराजुली | ३८९८ | ५०००/– | बाल शैक्षिक बचत खाता |
| ६ | रियान श्रेष्ठ | ३९२६ | ५०००/– | बाल शैक्षिक बचत खाता |
| ७ | रियान्स अधिकारी | ३९३२ | ५०००/– | बाल शैक्षिक बचत खाता |
| ८ | आदिती पण्डित | ३९६१ | ५०००/– | बाल शैक्षिक बचत खाता |
| ९ | आयुष्मा कुमारी शाह | ४०१८ | ५०००/– | बाल शैक्षिक बचत खाता |
| १० | रिनचेन लो | ४१०५ | ५०००/– | बाल शैक्षिक बचत खाता |
| ११ | सुभान्स श्रेष्ठ | ४१६१ | ५०००/– | बाल शैक्षिक बचत खाता |
| १२ | संस्कृती श्रेष्ठ | ४१७० | ५०००/– | बाल शैक्षिक बचत खाता |

### ८.लेखा परीक्षक नियुक्ती तथा पारिश्रमिक तोक्ने

आ.व २०८०२०८१ को वित्तिय विवरण सहितको एस एम सी ए एसोसिएट्स (SMCA Associates) दर्ता नं ७४९ ले तयार पारेको लेखापरीक्षण प्रतिवेदनलाई स्वीकृतीका लागि साधारणसभामा पेश गर्दछु, साथै २०८१/२०८२ का लेखापरीक्षक एस एम सी एसोसिएट्स (SMCA Associates) दर्ता नं ७४९ वासवारी, महाराजगन्ज काठमाडौलाई वार्षिक शुल्क रु.२,२५,०००। (अक्षरुपी दुई लाख पच्चीस हजार) भ्याट सहित उपलब्ध गराउने गरी नियुक्तिका लागि साधारणसभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

अब म यस सहकारी संस्थाको सुदृढ ३ वर्षको वित्तिय विवरण तपशिल बमोजिम रहेको जानकारी गराउदँछु ।

| विवरण | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ | आ.व. २०८०/०८१ को लक्ष्य (बजेट) |
|---|---|---|---|---|
| शेयर पूजीँ | ६,७१,४६,३०० | ६,९५,०५,३०० | ७,२६,००,१०० | ७,५०,००,००० |
| जगेडा तथा अन्य कोष | ९,११,२९,३५२।५९ | १०,९३,३४,२६९।५९ | १२,३७,६७,५९७ | ८,७०,००,००० |
| बचत हिसाब | ४१,९५,४०,१२०।६९ | ४४,६५,३२,३३२।८७ | ५३,६६,६८,६४६ | ४८,००,००,००० |
| ऋण लगानी | ४८,१३,८६,८६७ | ४६,०१,९८,८४२ | ४८,४०,४३,८३४ | ५२,००,००,००० |
| नगद तथा बैक मौज्दात | ७,३५,३५,२२२।१२ | १०,२०,७२,७६४ | ११,५२,८१,२७४।४९ | १२,४०,००,००० |
| लगानी हिसाब | ७,२६,१२,००० | ८,७७,१२,००० | १४,२७,१२,००० | ९,००,००,००० |
| स्थिर सम्पत्ति | १४,७२,२७१।६७ | १५,११,८९२।५० | २४,५१,८६४।७३ | २५,००,००० |
| कूल आम्दानी | ७,००,३६३५७।६३ | १०,३१,६०,१४८ | १३,९९,३८,७०५।२९ | ९,२०,००,००० |
| कूल खर्च | ४,५२,५३,४२४।५१ | ४,५२,८३,३६०।०५ | १०,१२,१७,०११।७७ | ५,५०,००,००० |
| खूद नाफा | २,४७,८२,९३३।१२ | ३,५४,०६,२५४।९ | ३,८७,२१,६९३।५२ | ३,७०,००,००० |
| सदस्य | १९६२ | २९८० | २२५७ | २५०० |

अब म, आ.व. २०८०/८१ को प्रमूख वित्तिय विवरणहरु र आ.व.२०८१/८२ को अनुमानित बजेट यस गरिमामय सभामा पेश गर्ने अनुमति चाहान्छु ।

### १) सदस्यता र शेयर पूर्जीं

यस सहकारी संस्थामा आ.व २०८०/०८१ मा १७७ जना सदस्य बृद्धि गरी जम्मा सदस्य बिस्तार गरी शेयर सदस्य २२५७ पुगेको छ र आ.व.२०७९/०८० मा ६,९५,०५,३०० रहेकोमा आ.व २०८०/०८१ मा ४.४५ प्रतिशतले बृद्धि भई ७,२६,००,१०० पुगेको छ ।

### २) जगेडा तथा अन्य कोषहरु

यस संस्थाको जगेडा तथा अन्य कोष आ.व.२०७९/०८० मा १०,९३,३४,२७० रहेकोमा आ.व २०८०/०८१ मा १३.२ प्रतिशतले बृद्धि भई १२,३७,६७,५९७ पुगेको छ । विगत आ.व हरुलाई विश्लेषण गर्दा क्रमिक रुपमा यस संस्थाको जगेडा तथा अन्य कोषहरु वृद्धि हुँदै आईरहेको छ ।

### ३) बचत हिसाब

यस संस्थाका विभिन्न शिर्षकहरुको निक्षेप संकलन आ.व.२०७९/०८० मा ४४,६५,३२,३३५ रहेकोमा आ.व २०८०/०८१ मा २०.१६ प्रतिशतले बृद्धि भई ५३,६६,६८,६४६ पुगेको छ। यस आ.व. मा संस्थाको मासिक बचतलाई विषेश प्राथमिकता दिइने छ ।

### ४) ऋण लगानी

यस संस्थाको ऋण लगानी आ.व.२०७९/०८० मा ४६,०१,९८,८४२ रहेकोमा आ.व २०८०/०८१ मा ५.१८ प्रतिशतले बृद्धि भइ ४८,४०,४३,८३४ पुगेको छ ।

### ५) नगद तथा बैक मौज्दात

यस संस्थाको नगद तथा बैक मौज्दात आ.व.२०७९/०८० मा १०,२०,७२,७६४ रहेकोमा आ.व २०८०/०८१ मा १२.९४ प्रतिशतले बृद्धि भई ११,५२,८१,२७४ पुगेको छ ।

### ६) लगानी हिसाब

यस संस्थाले अन्य बैक तथा वित्तिय संघ/संस्थामा राखेको शेयर तथा मुद्धती बचत हिसाब लगानी जहाँ आ.व.२०७९/०८० मा ८,७७,१२,००० रहेकोमा आ.व २०८०/०८१ मा ६२ प्रतिशतले बृद्धि भई १४,२७,१२,००० पुगेको छ । यसमा हामीले विभिन्न बैकको मुद्धती निक्षेपमा राखेको मौज्दातलाई समेतको रकम हो ।

### ७) स्थिर सम्पत्ति

यस संस्थाको सम्पत्ति आ.व.२०७९/०८० मा १५,११,८९३ रहेकोमा आ.व २०८०/०८१ म ६२.१७ प्रतिशतले बृद्धि भई २४,५१,८६४ पुगेको छ ।

### ८) कूल आम्दानी

यस संस्थाको कूल आम्दानी आ.व.२०७९/०८० मा १०,३१,६०,१४८ रहेकोमा आ.व २०८०/०८१ मा १३,९९,३८,७०५ पुगेको छ । यस संस्थाको आम्दानी बढाउन विशेष ध्यान दिइने छ । सो आम्दानी सदस्यको शेयर पूजीँ र कारोवारको आधारमा लाभांष वितरण गर्नेछ साथै संस्थाको विकास, सदस्यको विकास र समुदायलाई गर्नुपर्ने सामाजिक दायित्वमा समेत खर्च गरिनेछ ।

### ९) कूल खर्च

यस संस्थाको कूल खर्च आ.व.२०७९/०८० मा ६,७६,५०,०२४ रहेकोमा आ.व २०८०/०८१ मा १०,१२,१७,०११ पुगेको छ । यसमा हामीले ऋण संरक्षण कोषको लागि छुटाईएको खर्च पनि संलगन गरिएको छ ।

### १०) राजश्व भुक्तानी

यस संस्थाको विभिन्न शिर्षकहरुमा आ.व.२०७९/०८० मा ३३,८९,०७९.१० भुक्तानी गरिएकोमा आ.व २०८०/०८१ मा ९१,४१,५०६.२१ भुक्तानी गरिएको छ । यस आ.व. मा आय कर वृद्धि भई २० प्रतिशत भएको छ । आ.व. २०८१/०८२ मा पनि सरकारको नियम अनुसार राजश्व भुक्तानी गरिनेछ ।

**अध्यक्ष एवं सदस्य महानुभावहरु ,**

अब म, संस्थाको आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत गर्न चाहान्छु ।

### १. शेयर कार्यक्रम

काठमाडौ जिल्ला भरी कार्यक्षेत्र बनाई कारोवार गर्ने व्यक्तिहरुलाई हरेक दिन नै सदस्यता प्रदान गरी सदस्यता लिनु अघि वा लिए पश्चात सदस्यलाई हरेक महिनाको अन्तिम सोमबार सदस्यले गर्नु हुने र गर्नु नहुने विषयलाई लिएर प्रारम्भिक सहकारी शिक्षा प्रदान गरी सदस्यता प्रदान गरिने छ । न्यूनतम १ कित्ता शेयरबाट कारोबार गर्न सकिने छ । सदस्यले न्यूनतम १ कित्ता शेयर देखी अधिकतम ३००० कित्ता सम्म शेयर खरिद गर्न पाउने व्यवस्था मिलाईएको छ । ऋण लगानीको हकमा रु २५ हजार शेयर अनिवार्य, ५ लाखसम्मको सामूहिक जमानीमा वा कृषिमा लगानी गरिने ऋणमा अनिवार्य रु ५० हजार शेयर हुनुपर्ने, धितोमा ऋण लगानी गरेका सदस्यहरुकोरु १,००,००० शेयर अनिवार्यलाई निरन्तरता दिईने छ । स्मार्ट मोबाइल बैकिङ्ग चलाउने सदस्यहरुलाई न्युनतम शेयर ५००० खरिद गर्न अनुरोध गरिने छ । शेयर सम्वन्धी अन्य कार्य व्यवस्थालाई निरन्तरता दिईने छ । आ.व.२०८१/८२ मा शेयर पुजीँ ७,६५लाख पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

### २. बचत कार्यक्रम

शेयर खरिद गरे संगै मासिक बचत, साधारण बचत (पूरुषको हकमा), महिला बचत (महिलाको हकमा) अनिवार्य खाता खोल्नु पर्नेछ । मासिक बचतमा अन्य बचत (आवधिक बचत बाहेक) मा भन्दा बढी व्याजदर कायम गरिने छ । मासिक बचतमा रु २०० देखी रु ५००० सम्म जम्मा गर्न सकिने छ, तर जम्मा गरिएको रकम हरेक महिना समान हुनुपर्ने छ । जम्मा गर्ने रकम परिर्वतन गर्नुपरेमा हरेक आर्थिक वर्षको साउन महिनामा मात्र फारम भरी परिर्वतन गर्न सकिने छ । मासिक बचत भुक्तानीमा संस्था स्थापना काल देखीको १० प्रतिशत छोडी, हरेक वर्ष नै झिक्न मिल्ने व्यवस्था रहेको छ, तर कुनै सदस्यको जटिल दुर्घटना भएमा, प्राणघातक रोग लागेमा, पक्षघात भएमा, निरन्तर बचत गरेको १० वर्ष पूरा भएमा, उमेरको हकमा ६५ वर्ष उमेर पुगेमा जम्मा भएको रकमको १० प्रतिशत रकम छोडेर झिक्न मिल्ने व्यवस्था पनि रहेको छ । मासिक बचत अग्रिम ३-६ महिनासम्मको जम्मा गर्न सकिने छ । उमेर पुगिसकेका बाल बचतकर्ताहरुलाई सदस्यता प्रदान गरिने छ साथै निष्कृय सदस्यहरुको पहिचान गरी सकृय बनाउने हरकोशिस गरिने छ । विमा बचत खाताको सुरुवात गर्ने साथै स्मार्ट मोबाइल बैकिङ्ग चलाउने सदस्यहरुलाई प्रारम्भीक खाताको रुपमा मेगा बचत खातालाई र सेकेन्डरी खातामा अन्य खाता पनि संलग्न गराईने छ । आ.व.२०८१/८२ मा कूल निक्षेप संकलन ५८ करोड पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

### ३. ऋण कार्यक्रम

संस्थाले सदस्यहरुलाई प्रदान गर्ने ऋण सदस्यहरुको अधिकारका रुपमा नभई सुविधाको रुपमा लिइनेछ भने ऋणको लगानीका लागि तिर्न सक्ने क्षमतालाई मुख्य आधार बनाएर मात्र लगानी गरिने छ । धितोको हकमा ऋण लगानी गर्दा जुनसुकै उद्देश्य एवं क्षेत्रमा पनि प्राथमिक पुँजीकोषको १० प्रतिशत भन्दा बढी लगानी गरिने छैन भने समय सिमा १५ वर्षको निधारण गरिएको छ । सामुहिक जमानीको हकमा लगानी गर्ने ऋण २ लाखसम्मको समयावधि अधिकतम १ वर्षको हुने र ५ लाखसम्मको समयावधि अधिकतम २ वर्षको लागि निर्धारण गरिने छ । उत्पादन मूलक श्रेत्रमा ऋण लगानीमा प्राथमिकता दिईने छ । संस्थामा धेरै वर्ष देखि बाल बचतकर्ता हुनु भएको र अहिले स्वेदश अथवा विदेश पढ्न चाहाने लागि धितो वा सामुहिक जमानी शैक्षिक ऋण शर्तहरु लागु हुने गरी ऋण प्रदान गरिने छ । असल कारोबारीहरुलाई मध्याजर गर्दै रु ५ लाख सम्मको ऋण लगानी गर्ने साथै, सदस्यहरुलाई नयाँ सवारी साधन खरिदको लागि हायर पर्चेजमा ऋण लगानी गरिने व्यवस्था मिलाईएको छ । कृषिलाई दुई भागमा वर्गिकरण गर्ने : पशुपालन ऋण र कृषि ऋण, उक्त ऋणहरु धितो वा सामूहिक जमानीमा लगानी गर्ने साथै सदस्यहरुलाई घर निर्माण मर्मत, तला थप गर्न तथा घर घडेरी खरिद गर्न आवस शिर्षकमा र सदस्यलाई कृषि, उद्योग, व्यवसाय वा बिक्रि गर्ने प्रयोजनको लागि जग्गा खरिद ऋण शिर्षकमा लगानीको व्यवस्था गरिएको छ । ऋण फाइल व्यवस्थापन (Loan Management Module) अनुरुप ऋण लगानी गर्ने प्रकृया अगाडी बढाईएको छ । ऋण लगानी, ऋण असुली, धितो लिलामी, ऋण अपलेखन आदि कार्यहरु समेटी ऋण व्यवस्थापन कार्यविधी २०८१ पनि यसै साधारण सभाबाट यो कार्यविधि पास गरी आगामी दिनमा संस्थाको ऋण कार्यक्रमलाई थप व्यवस्थित हुने छ भन्ने विश्वास लिएको छु । आ.व.२०८१/८२ मा कूल ऋण लगानी ६० करोड पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

### ४. सामाजिक क्रियाकलाप

संस्थाले सदस्यहरुको हितमा विभिन्न समयमा सामाजिक कार्यक्रमहरु गदै आएको छ । उक्त कार्यक्रमहरुलाई यस वर्ष पनि निरन्तरता दिदै जाने छ । संस्थाले सम्भावित सदस्यहरुलाई रक्तदान, प्राणघातक रोग, स्त्री रोग सम्वन्धी जनचेतना मूलक कार्यक्रम संचालन गरिने, सरसफाई कार्यक्रम साझेदारी रुपमा संचालन गरिने, तनाव व्यवस्थापन गर्ने सम्वन्धी उत्प्रेरणात्मक कार्यक्रम संचालन गरिने, बृक्षारोपण सम्वन्धी कार्यक्रम गर्ने, निम्न आयश्रोत भएका सदस्यको छोराछोरी, जेहनदार विद्यार्थीलाई छात्रवृद्धीको व्यवस्था बढीमा २ जना मिलाउने, सदस्य एवं सदस्यका परिवारको देहान्तमा १३ औ दिनभित्र सदस्यका परिवार एवं क्रियापुत्री भेटघाट कार्यक्रम गर्ने साथसाथै परिवारको अन्य सदस्य पनि मृत्यु भएको खण्डमा फेसबुक मार्फत समवेदना प्रकट गर्ने, शोक पुस्तिका मार्फत अभिलेखिकरण गर्ने, सदस्यको वा सदस्यको परिवारमा भएको शुभकार्य जस्तै शुभ विवाह, नवजात शिशुको जन्ममा आमा बच्चा दुवैलाई फेसबुकमा शुभकामना प्रकट गर्ने जस्ता कार्यक्रमको व्यवस्था मिलाउने छ ।

### ४.सदस्य हित कार्याक्रम

संस्थाले सदस्यहरुको हित र प्रबद्धनको लागि प्रदान गरेको महिला सदस्यहरुको सुत्केरी भत्ता, दुर्घटना विमा, प्राणघातक रोग उपचार खर्च, स्वास्थ्य वीमा, काजक्रिया खर्च आदि कार्यक्रमलाई समेट्ने गरी वीमा कम्पनीसँग परामर्श गरी जोखिम हस्तान्तरण गर्दै वीमा बचत द्धारा थप सेवा सुविधा प्रदान गरिने व्यवस्था गरिने, विप्रेषण सेवा, साथै मोबाइल बैंकिंग मार्फत सिधै खातामा रकम प्राप्त गर्न सकिने सेवाको विकास गर्ने, साप्ताहिक रुपमा स्वास्थय परीक्षण कार्यक्रमलाई निरन्तरता दिने । सदस्यहरुलाई सदस्यले के गर्न हुने र के गर्न नहुने साथै शिक्षा उपसमिति मार्फत तालीम गर्ने र सहकारी अवलोकन भ्रमण गराएर सहकारी सम्बन्धी ज्ञान र कार्यक्षमता बढाउने योजना रहेको छ । संस्थाको वार्षिक उत्सवलाई विविध कार्यक्रम गरि सम्पन्न गरिने छ । वार्षिक साधारण सभा मितव्ययी ढंगवाट

सम्पन्न गरिनेछ । बाल बचत कर्तालाई अतिरिक्त क्रियाकलापका प्रतियोगितात्मक कार्यक्रम गर्ने, शैक्षिक पुरस्कार, अपाङ्गता शैक्षिक सहयोग, स्वास्थ्य सहायता, प्राथमिक उपचार लगायत दूर्घटनाबाट मृत्युको १ लाख आर्थिक सहयोगले निरन्तरता पाउने छ । जेष्ठ सदस्य जो ६० वर्ष उमेर पुगेका हुनुहुन्छ एवं एकल महिला सदस्य जसको नियमित कारोवार रहेको छ उहाँहरुलाई सामाजिक सुरक्षा भत्ता वार्षिक रुपमा रु २०००। वितरण गर्दै आएकोमा यस वर्ष पनि निरन्तरता दिइने छ । जेष्ठ सदस्यहरुलाई धार्मिक स्थलहरुको भ्रमण गराईनेछ । सदस्य सेवा अन्तर्गत गरिने आर्थिक सहयोगका कार्यविधि बनाई कार्यन्वयनलाई झन बढी व्यवस्थित बनाउदै लगिने छ । कार्यक्षेत्र विस्तार गरी तरकारी, फलफूल जन्य व्यापार व्यवसाय र उत्पादनमा जोडिएका सदस्य र क्षेत्रमा सदस्य विस्तार गरिनेछ ।

### ५. प्राविधिक सेवा

सदस्यहरुको वित्तीय र गैर वित्तीय आवश्यकताहरुको समाधान गर्न सक्ने गरि संस्थाको कार्यालयलाई अत्याधुनिक र व्यवस्थित वनाईएको छ । प्रविधि एवं विद्युतिय माध्यमबाट सहकारीका सेवाहरु संचालन गरिनेछ । मोबाइल बैकिङ, मिस्डकल सूविधा, क्यु.आर कोड, ई-टेलरको सुरुवातसंगै डिजिटल सेवा मार्फत ३६५ दिन नै कारोबार हुने व्यवस्था गरिएको छ । संस्थाको वित्तीय कारोवारको लेखा व्यवस्थापन आधुनिक सफ्टवेयर प्रणालीबाट गरिएको छ । हाललाई केन्द्रीय कार्यालय, नगद सेवा काउन्टरमा बजारबाट बचत संकलन कार्य ट्याबलेट मार्फत गर्ने व्यवस्था मिलाईएको छ । जुन सुकै रेमिट बाट पैसा आए पनि निकाल्न मिल्ने, साथै मोबाइल बैंकिंग मार्फत सिधै खातामा रकम प्राप्त गर्न सकिने सेवाको विकास गर्ने । सदस्यले संस्थाका जुनसुकै कार्यालय तथा सेवा काउन्टरबाट नियमानुसार जति पनि रकम राख्न र झिक्न पाउने गरी निशुल्क ए.बि.बि.एस ABBS सेवा उपलब्ध गराईएको छ । http://www.tarakariphalfool.coop.np डोमेन राखी प्रयोगकर्ता मैत्री, संस्थाको वेवसाईट अध्यावधिक गरिएको छ । साथै, मोबाइल बैकिङबाट दैनिक ३लाख र मासिक २५लाख सम्मको लिमिटको व्यवस्था मिलाईएको छ । मोबाइल बैकिङ प्रयोगकर्तालाई वार्षिक रु २५०, एस.एम.एस सूविधा मात्र लिन चाहने सदस्यको लागि रु १०० शुल्क लाग्ने छ । ठुला बचतकर्ताहरुको लागि कोइली डिभाईस मार्फत सर्भिस पनि दिईने छ ।

### ६. शिक्षा तालिम र सुचना

आवश्यकता अनुरुप संचालक, लेखा पदाधिकारीहरुको लागि क्षमता अभिबृद्धि वा संस्था विकास तालिम संचालन गर्ने, संचालक लेखा पदाधिकारी एवं उपसमितिहरुको लागि व्यक्तित्व विकास तालिम, कर्मचारीहरुका लागि क्षमता अभिबृद्धि तालिम, कर्मचारीहरुको पूनर्ताजगी कार्यक्रम, राष्ट्रिय अन्तराष्ट्रिय गोष्ठी सभा समारोहमा सहभागिता, सदस्यहरुका लागि सिप विकास तालिम, संस्थाको कार्यक्रमहरु बारे १२ महिना १२ भेट तरकारी फलफूल अपटुडेट कार्यक्रम अर्न्तगत हरेक महिनाको अन्तिम साता सहकारी शिक्षा कार्यक्रम गर्ने व्यवस्था मिलाउने छ ।

### ७. संस्था विकास

यस सहकारी संस्थालाई अझ बढी दरिलो र भरपर्दो बनाउनको निमित्त आवश्यकता अनुरुप नितिहरु परिमार्जन सहितको विनियम पूनर्लेखन गरि यसै सभामा पेश गरिएको छ । सम्बन्धित निकायको व्यवस्था बमोजिम कार्यक्षेत्र विस्तारको लागि पहल गर्दै वाग्मती प्रदेशका जिल्लाहरुका चलअचल सम्पत्ति रोक्का राखी कारोवार गर्न समन्वयनको प्रक्रृया अगाडी बढाईने छ । संस्थाको रणनीतिक योजनाहरु निर्माण गर्ने, सहकारी संस्थाको घरजग्गा खरिद गर्ने, बल्खु सेवा काउन्टरलाई व्यवस्थित पार्न साउनबाट छुट्टै लेखा प्रणाली राखी प्रविधि मैत्री बनाउने, संञ्चालकको नेतृत्वमा बल्खु सेवा काउन्टरलाई थप रणनिती जस्तै नियमित स्वास्थय परिक्षण, रेमिट्यान्स सुविधा, निशुल्क ए.बि.बि.एस ABBS सेवा, सामूहिक जमानी ऋण लगानीमा सहजता जस्ता सुविधा प्रदान गर्ने, बजारको अध्ययन गरी अन्य सेवाकेन्द्रहरु विस्तार गर्ने, संस्था विकास एवं स्तरोउन्नतीका कार्यक्रमहरुमा संस्थागत सहभागिता जनाउने, स्थानीय

निकायसँग सहकार्य गरी विभिन्न सिपमूलक कार्यक्रमहरु संचालनमा ल्याउने व्यवस्था मिलाईने छ। प्रस्तावित विनियम पुनःलेखन तथा ऋण व्यवस्थापन कार्यविधि, मानव संशाधन कार्यविधि, निर्वाचन कार्यविधि, सूचना प्रविधि कार्यविधि, बचत तथा लेखा व्यवस्थापन कार्यविधि, आर्थिक कार्यविधि, आन्तरिक लेखा परिक्षण कार्यविधि, बचत कार्यविधि, सम्पत्ति शुद्धिकरण नीति तथा कार्यविधि, सदस्य सेवा कार्यविधि, सदस्यता कार्यविधि लगायत अन्य आवश्यक कार्यविधिहरु यसै सभाबाट पारितको लागि पेश गर्दछु।

### ८. वित्तिय क्षेत्र

| विवरण | गतबर्ष प्रगति % | आ.व २०७९/८० मा | | | प्रस्तावीत २०८१/८२ |
|---|---|---|---|---|---|
| | | लक्ष्य | बास्तविक | प्रगति % | |
| शेयर | ९९.२९ | ७,५०,००,००० | ७,२६,००,१०० | ९६.८ | ७,६५,००,००० |
| सदस्यता संख्या | ९०.४३ | २५०० जना | २,२५७ | ९०.२८ | २,५०० जना |
| सदस्य बचत | ९९.२२ | ४८,००,००,००० | ५३,६६,६८,६४६ | १११.८ | ५८,००,००,००० |
| कर्जा तथा सापटी | ९२.०३ | ५२,००,००,००० | ४८,४०,४३,८३४ | ९३.०८ | ६०,००,००,००० |
| लगानी हिसाव | ६७.८० | ४०,००,००० | २७,१२,००० | ६७.८ | ४०,००,००० |
| स्थिर सम्पत्ति | ६०.४७ | २५,००,००० | २४,५१,८६५ | ९८.० | ३५,००,००० |
| कुल आम्दानी | १०७.५८ | ९,२०,००,००० | ८६७६३८६२.४९ | ९४.३० | ९,२२,०५,००० |
| कुल खर्च | ९८.८७ | ५,५०,००,००० | ४८०४२१६८.९७ | ८७.३४ | ५,४४,९५,००० |
| बचत (मुनाफा) | १२१.२५ | ३,७०,००,००० | ३,८७,२१,६९३.५२ | १०४.६ | ३,७७,१०,००० |
| लाभांश वितरण | १५.५% | १५% | १५.५% | | १५% |

यसैक्रमा, आ.व. २०८१/०८२ का लागि संचालक समितिबाट तर्जुमा गरिएको वार्षिक कार्यक्रम तथा बजेटलाई यस सभाबाट स्वीकृत गरिदिनु हुन समेत प्रस्ताव पेश गरेको छु।

संस्थाका सदस्यहरुले संस्थामा विश्वासका साथ निक्षेप राखी, आवश्यकता अनूरुप ऋण लिई संस्थालाई सूचारु रुपले संचालन गर्न सक्रिय सहभागिता जनाई नै रहनुभएको छ र भविष्यमा पनि यसलाई निरन्तरता दिनु हुने नै छ भन्ने विश्वास लिई आ.व २०८१/०८२ मा संस्थाको स्थायित्व दिगो राख्न महत्वपूर्ण शेयर पूजिँलाई यथासक्य राम्रो प्रतिफल दिन सक्ने उद्देश्यले शेयर सदस्य संख्या २५० बृद्धि गरी २५०० पुऱ्याइने भने शेयर पूँजी ७ करोड ६५ लाख पुऱ्याइने, ऋण निक्षेप अनुपातलाई उचित अनुपातमा कायम राख्ने प्रयास गर्दै निक्षेप ५८ करोड पुऱ्याइने, ऋण लगानी ६० करोड पुऱ्याइने, जम्मा आम्दानी ९करोड २२लाख ५हजार गर्ने, जम्मा खर्च ५करोड ४४ लाख ९५हजार गर्ने लक्ष्य राखी ३करोड ७७ लाख १० हजार संचालन मूनाफा हुने अनुमान गरिएको छ। संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीलाई अझ चुस्त बनाउन आ.व. २०८१/०८२ का लागि समेत संस्थाको लेखा परिक्षण कार्य बाह्य लेखापरिक्षकबाट NFRS अर्न्तगत गराउन बजेट विनियोजन गरिएको छ। यस वर्ष १५.५ प्रतिशतका दरले लाभांश वितरण गर्न सक्ने अवस्था सिर्जना भएको छ।

### ९ संचालन मूनाफा, कोष वाडफाँड एवं लाभांश वितरण :

आ.व.२०८०/०८१ मा प्राप्त भएको संचालन मूनाफावाट राज्यलाई २० प्रतिशत आयकर तिरी बांकी रहेको खुद मूनाफा रु ३,३९,११,९५८। वाट २५ प्रतिशत अर्थात रु.८४,७७,९९० जगेडा कोषमा सो पश्चात वाकी रहेको रकमवाट २५ प्रतिशत अर्थात रु.६३,५८,४९२ संरक्षित पूजी फिर्ता कोषमा एवं ०.५ प्रतिशत १,२७,१७० सहकारी

प्रवर्द्धन कोषमा छुट्याई बांकी रहेको रकम रु १,८९,४८,३०७ वाट ५ प्रतिशत कर्मचारी बोनस कोषमा र ६५ प्रतिशत हुन आउने रकम रु १,२३,१६,३९९ शेयर लाभांश कोषमा रहने र सोवाट १५.५ प्रतिशत लाभांश वितरणको लागि प्रस्ताव पेश गरेको छु । नियमानुसार विभाजन गरिएको संरक्षित पुंजी फिर्ताकोष, कर्मचारी बोनसकोष एवं अन्य कोषहरुमा व्यवस्था गरिएको रकम पूववर्त व्यवस्था अनुरुप नियमानुसार नै कोषको रकम वितरण र प्रयोगको लागि समेत प्रस्ताव पेश गरेको छु ।

**अन्त्यमा,**

माथिका सम्पूर्ण प्रतिवेदन उपर छलफल समिक्षा गरी पारितका लागि प्रस्ताव पेश गरेको छु। संस्थाको उन्नती र प्रगतिमा सदैव सहयोग, सर्मथन र प्रेरणा दिनु हुने सहकारी विभाग, नियमनकारी निकायहरु, लेखा समितिका पदाधिकारीहरु, आन्तरिक लेखापरीक्षक र संस्थालाई निरन्तर मार्गदर्शन र सदा साथ दिई निक्षेप तथा ऋणको कारोवार गर्ने सदस्यहरु, संस्थाको हितका लागि निरन्तर क्रियाशील रही लगनशीलताका साथ योगदान पुऱ्याउने सम्पूर्ण कर्तव्यनिष्ठ कर्मचारीहरुलाई समेत यस अवसरमा आफ्नो र संचालक समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहान्छु साथै भविष्यमा समेत सम्पूर्णको सहयोग, सुझाव र संलग्नताको आशा गर्दछु ।

**धन्यवाद !** **जय सहकारी ! !**

**२०८१ साल पौष २१ गते आइतवार**
**कालिमाटी व्याङ्क्वेट, सोल्टीमोड, काठमाडौं**

# तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड कालिमाटी, काठमाडौंको

# २५औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समिति संयोजक श्री कृष्ण प्रसाद आचार्य ज्यूले प्रस्तुत गर्नु भएको आ.ब.२०८०/८१ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन



**श्री कृष्ण प्रसाद आचार्य**
**लेखा सुपरिवेक्षण समिति**
**संयोजक**

**कृष्ण प्रसाद आचार्य लेखा संयोजक**

यस गरिमामय २५ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, सञ्चालक समिति पदाधिकारी ज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, सल्लाहकार ज्यू, कर्मचारी वर्ग एवं उपस्थित सम्पूर्ण सदस्यज्यूहरुमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत एवं सहकारी अभिवादन व्यक्त गर्दछु ।

सहकारी संस्थामा आ.व २०८०/८१ मा भएका गतिविधिहरुलाई लेखा सुपरिवेक्षण समितिको तर्फवाट तपशिल बमोजिम प्रस्तुत गर्न चाहन्छु ।

**१) साधारणसभाको निर्णयको कार्यान्वयनको अवस्था :**

मिति २०८० पौष १४ गते सम्पन्न २४औं वार्षिक साधारणसभाले गरेका निर्णयहरु प्राय कार्यान्वयन भएको पाईयो । प्रदेश सहकारी ऐन एवं नियमावलीमा भएको व्यवस्था अनुरुपको संस्थाको विनियममा आवश्यक संसोधन गरिएको पाईयो । संस्थाको कारोबारलाई करसँग मेल खाने गरि कायम गर्न कर्मचारी तलब, बैठक एवं पत्रपत्रिका भत्ता, व्याज खर्च, घरबहाल, सेवाशुल्क, लाभांश लगायतमा कर कट्टी गर्ने एवं आयकरको व्यवस्था गरि समयमा फर्छ्यौट गर्ने गरिएको छ। प्रदेश सहकारी कार्यालय र विभाग एवं वित्तिय जानकारी इकाईहरुमा संस्थाको मासीक/चौमासिक/बार्षिक बिवरण बुझाउने गरेको पाईयो ।

**२) समिति उपसमितिका बैठक र निर्णय कार्यान्वयनको अवस्था :**

संस्थामा लेखा सूपरिवेक्षण समितिको बैठक छुट्टै बसी संस्थामा भए गरेको काम कारबाहीको जानकारी लिने, हिसाब जांच गर्ने साथै वर्षभरीका आय-व्ययका वील भौचरहरु हेर्ने तथा सबैलाई अध्यावधिक गराउने गरेका छौं । आवश्यक छलफलवाट निस्किएको निर्णयहरु, सुझावहरु, भेटिएका कमजोरीहरु संचालक समितिमा विधिसंवत ढंगले पेश गर्ने गरिएको छ । सञ्चालक समितिको मासिक बैठक नियमित रुपमा र अन्य आवश्यकता अनुसार थप बैठक बस्ने गरेको छ । यस वर्ष संचालक समितिका १७ वटा बैठकहरु बसेका छन । संचालक समितिको बैठकको निर्णयको कार्यान्वयनको अवस्था संतोषजनक नै पाईयो । आवश्यकता अनुसार ऋण उपसमितिको बैठक बस्ने गरेको छ। शिक्षा उपसमितिको संयोजकत्वमा सहकारी शिक्षा, विस्तारित मंच र सहकारी अवलोकन भ्रमण जस्ता कार्यक्रमहरु सम्पन्न गरेको पाइन्छ। विभिन्न कार्य सम्पादन गर्न कार्य निर्धारण गरेर सञ्चालक समितिको संयोजकत्वमा अन्य उपसमितिहरु गठन भई बैठक भएका छन्। सल्लाहकार मण्डलको व्यवस्था भई छुट्टै पनि बैठक बसेर सल्लाह लिने गरिएको छ ।

**३) ऋण लगानी प्रक्रिया र सुरक्षाको अवस्था :**

संस्थाको सदस्यहरुलाई ऋण लगानीका लागि विनियममा संसोधन गरीएको व्यवस्था बमोजिमको संचालक समितिको संयोजकत्वमा साधारण सदस्यहरुवाट २ जना सदस्य चयन गरी ऋण उपसमिति गठन भएको छ। मासिक

अनिवार्य २ पटक र आवश्यकता अनुरुप थप बैठक पनि वस्ने गरेको छ। संचालक समितिको निर्णय, साधारणसभाको निर्णय एवं ऋण नीति अनुरुप सामूहिक जमानी र धितो जमानतमा ऋण लगानी गर्ने गरिएको छ । सुरक्षित ऋण लगानीलाई प्राथमिकतामा राख्दै सामूहिक जमानीमा २ लाखसम्म, (३ पटकसम्म उत्कृष्ट ऋण कारोबार गरी संस्थाबाट हरियो कार्ड प्राप्त (असल ऋणी) को हकमा ५ लाखसम्म), महिला व्यवसायको हकमा महिला उद्यमी ऋण तर्फ रु ५ लाख, पुरुषको हकमा उद्यमी ऋण तर्फ रु ५ लाख एवं धितो जमानतमा १ करोडसम्म लगानी भएको छ। सामूहिक जमानीको ऋणमा व्यवस्थापकबाट १ लाखसम्म, अध्यक्षवाट ५ लाखसम्म साथै धितो जमानतको ऋण २५ लाखसम्म कर्मचारी ऋण व्यवस्थापन समिति मार्फत त्यसैगरी २५ लाख देखि ५० लाखसम्म ऋण उपसमिति मार्फत र सोभन्दा माथी संचालक समितिको बैठकवाट स्वीकृत गरी लगानी गर्ने गरिएको छ। ऋणको सुरक्षणको अवस्थाको वर्गिकरण गरी जोखिम कोषको व्यवस्था गरिएको र आ.व २०८०/८१ को अन्त्यमा भाखा नाघेको ऋण प्रतिशत १.६७ रहेको देखिन्छ ।

**४. समिति उपसमितिको सुविधा :**

संस्थाको समिति बैठक खर्चमा १८ औं बार्षिक साधरण सभा पछि प्रति बैठक भत्ता रु ३०००, मासिक पत्र-पत्रिका रु १०००। एवं टेलिफोन रु.५०० गरी मासिक जम्मा रु ४,५००।, उपसमिति बैठक खर्चमा प्रति बैठक भत्ता रु १०००, एवं सल्लाहकारको खर्च प्रति बैठक भत्ता रु १,५००, र मासिक टेलिफोन रु ५०० हुने गरेको र सबै बैठकमा सामान्य खाजा खाने व्यवस्था कायमै छ। २४ औं वार्षिक साधारणसभावाट अध्यक्षलाई बैठक भत्ताको अलवा मासीक रु २०,००० र सचिवलाई बैठक भत्ताको अलवा मासीक रु १५,००० विषेश भत्ता उपलब्ध गराईएको पाइयो ।

**५. व्यवस्थापकको पारिश्रमिक एवं भत्ताका सम्वन्धमा :**

सातौ तहमा नियुक्त व्यवस्थापकको मासिक तलब रु ३५,२००। मासिक भत्ता रु १५०००। मासिक संचार यातायात खर्च र महंगी भत्ता खर्च रु : २५००। भुक्तानी गरेको पाईयो, साथै सवारीसाधन सुविधा उपलब्ध गराईएको पाईयो ।

**६. नियामक निकायको मार्गदर्शन :**

सहकारी विभागवाट भएको अनुगमनमा प्राप्त सुझावहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिएको छ भने बेला बेलामा जारी मार्गदर्शन, निर्देशन, परिपत्र र सुचनाहरुलाई पालना गर्दै गरेको पाईयो ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :**

कर्मचारी प्रशासन निति भई कार्यान्वयनमा ल्याईएको पाईयो । कर्मचारी भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको साथै कार्यरत कर्मचारीहरु र कार्यवोझ विच तादम्यता रहेको पाईयो ।

**अध्यक्ष एवं सदस्य महानुभावहरु,**

संस्थाका गतिविधिहरुमा लेखासुपरीवेक्षण समितिको तर्फबाट सुझावका रुपमा तपशील बमोजिम उल्लेख गर्न चाहन्छु।

१) सहकारी तालिमको अनिवार्य र नियमित व्यवस्था गर्नु पर्ने देखिन्छ ।

२) संस्थाको रणनीतिक योजना र बजेट अनुसार त्रैमासिक, अर्धवार्षिक बैठकको समिक्षा गरी अगाडी बढ्नुपर्ने देखिन्छ।

३) प्रविधिको अधिकतम प्रयोग गरी सदस्यहरुलाई सेवा दिनुपर्ने देखिन्छ ।

४) परिवर्तित निति नियमलाई अध्ययन गरी सोही अनुरुपको नीति नियमहरु निर्माण, संसोधन र पूनर्लेखन गरिनुपर्ने आवश्यकता देखिन्छ ।

५) समिति र उपसमितिहरुको क्रियाशिलता बढाउनुपर्ने देखिन्छ ।

६) सम्पत्ति सामानहरुको पूर्ण रुपमा कोडिङ्ग गर्न सुझाव गरिन्छ ।

७) सदस्यहरुलाई संस्था प्रति आकर्षित गर्न सदस्य विच सदस्य शिक्षा कार्याक्रमको आवश्यकता देखिन्छ ।

८) सहकारी संस्थाको भवन निर्माणको लागि जग्गा खरिद गर्न पटक पटक निर्णय प्रस्ताव गरिएकोमा उपयुक्त स्थान छनौट गरी जग्गा खरिदको लागि ध्यानाकर्षण गर्नु पर्ने देखिन्छ ।

